# पानीजहाजको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

संघीय संसद सचिवालय

संसद भवन, सिंहदरबार

२०८१

# सैद्धान्तिक अवधारणा

पानीजहाज सञ्चालनलाई विकास र विस्तार गर्न सोको प्रभावकारी नियमन गरी पानीजहाज सेवालाई सुरक्षित, स्तरीय, विश्वासनीय, नियमित र व्यवस्थित बनाउनु पर्ने हुन्छ। जलमार्ग लगायतका वैकल्पिक यातायात सम्बन्धी नीति, कानून, मापदण्ड, योजना र नियमन संघको अधिकारको कार्य विस्तृतिकरणमा उल्लेख भएको तथा संघ र प्रदेशको साझा अधिकारको सूचीमा जलमार्ग भनी नेपालको संविधानमा उल्लेख भएको देखिन्छ। नेपाली पानीजहाजको दर्ता गर्ने सम्बन्धमा कानूनी दस्तावेजको रुपमा रहेको नेपालको व्यापारिक पानीजहाजको झण्डा सम्बन्धी ऐन, २०२७,पानीजहाज दर्ता ऐन, २०२७ र नेपाल पानीजहाज (प्रमाणपत्र र रोजनामचा) ऐन, २०२७ लाई समायानुकुल बनाउन संविधानले निर्दिष्ट गरेको सिद्धान्त र अधिकारको विषयलाई वैज्ञानिक ढङ्गबाट सम्बोधन गरी पानीजहाजको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गरी नयाँ विधेयक तयार गरिएको छ।

प्रस्तुत विधेयकले जलमार्गको रुट निर्धारण, अनुमति र प्रयोग सम्बन्धी व्यवस्था गर्न, पानीजहाज निर्माण, पानीजहाज सेवा सञ्चालन, सर्भे, दर्ता गर्न, पानीजहाजमा रहने लिखत, दर्ता प्रमाणपत्र र रोजनामाचा सम्बन्धी व्यवस्था गर्न, व्यापारिक पानीजहाजलाई राष्ट्रियताको प्रमाणपत्र प्रदान गर्न, पानीजहाजमा नेपालको झण्डा प्रयोग गर्न, पानीजहाजको स्वामित्व र बन्धकीको हक हस्तान्तरण, टनेज तथा सुरक्षाको प्रमाणपत्र सम्बन्धी व्यवस्था गर्न, सञ्चालन गर्दा पालना गर्नुपर्ने सर्त तोक्न, प्रदुषण नियन्त्रण र फोहोरमैला व्यवस्थापन गर्न, मर्मत सम्भार गर्न, दुर्घटनाको जाँचबुझ, खोज तथा उद्धार, पानीजहाज कार्यालय, रजिष्ट्रारको काम, कर्तव्य र अधिकार तोक्न, रेडियो निरीक्षक, पानीजहाज निरीक्षक, नाविक तथा कर्मचारीको नियुक्ति, नाविक किताब तथा नाविक परिचय पत्र, पोशाक, पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्न नयाँ विधेयकको आवश्यकता परेको हो। नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१/३/२७ को निर्णयानुसार पानीजहाजको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८१ संघीय संसदमा पेस गर्न स्वीकृति प्राप्त भएकोले प्रस्तुत विधेयक प्रस्तुत गरिएको छ।

प्रस्तुत विधेयक पारित भए पश्चात् आन्तरिक जलमार्गमा सञ्चालन हुने पानीजहाजको दर्ता तथा नियमन भई पानीजहाज सेवा सुरक्षित, स्तरीय, विश्वसनीय, नियमित र व्यवस्थित हुनुका साथै समुन्द्रमा संचालन हुने पानीजहाजको दर्ता, सर्भे तथा झण्डा सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन भई समुन्द्रमा नेपाली ध्वजावाहक पानीजहाज संचालन सम्भव हुने र यसबाट देशको आर्थिक विकासमा सघाउ पुग्दछ।

# उद्देश्य र कारण

सामुद्रिक कानून सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी (UNCLOS), १९८२ अनुसार समुद्रमा तटीय मुलुकको मात्र नभई भुपरिवेष्टित मुलुकको समेत समान अधिकार सुनिश्चित भएतापनि पानीजहाज दर्ता ऐन, २०२७ लागू भए पश्चात दर्जनौं अन्तर्राष्ट्रिय महासन्धीहरु लागू भईसकेको र ती महासन्धीहरुका प्रावधानहरु उक्त ऐनले नसमेट्ने हुँदा नेपाली ध्वजावाहक पानीजहाज दर्ता गर्न सकिने अवस्था देखिदैन । समुद्रमा नेपाली ध्वजावाहक पानीजहाज संचालनका अतिरिक्त कैयौं नेपालीहरु विभिन्न मुलुकका पानीजहाजहरुमा काम गर्दै आएको अवस्थामा ती नेपालीहरुलाई नाविक किताव, नाविक परिचयपत्र लगायत ती कामदारहरको तालिम, स्वास्थ्य परिक्षण लगायतका विषयहरु समेट्न आवश्यक देखिएको तथा नेपाल भित्रकै विभिन्न नदी तथा तालहरुमा विभिन्न क्षमताका जलयानहरु संचालनमा आइरहेको अवस्थामा ती जलयानहरुको दर्ता तथा नियमनको व्यवस्था गर्दै आन्तरिक जलयातायातलाई प्रवर्द्धन गर्न अत्यावश्यक देखिएकोले यो विधेयक पेश गरेको छु।

देवेन्द्र दाहाल
मन्त्री
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
२०८१

# आर्थिक टिप्पणी

पानीजहाजको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा गरिएका व्यवस्थाहरुबाट नेपाल सरकारले प्रत्यक्ष रुपमा कुनै आर्थिक दायित्व वहन गर्नुपर्ने अवस्था छैन । यद्यपी प्रस्तावित विधेयक कार्यन्वयनको प्रमुख निकायका रुपमा रहेको नेपाल पानीजहाज कार्यालयमा रहेको विद्यमान संरचनालाई केहि पुनरावलोकन गर्न आवश्यक हुने देखिन्छ ।यसबाट नेपाल सरकारलाई थप केहि आर्थिक दायित्व पर्ने देखिएतापनि आन्तरिक जलमार्ग तथा समुद्रमा संचालन हुने पानीजहाज दर्ता र नियमन हुँदा नेपाल सरकारको राजस्वमा वृद्धि हुने निश्चित देखिन्छ ।

देवेन्द्र दाहाल
मन्त्री
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
२०८१

# प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

पानीजहाजको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक मा "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ भन्ने व्यवस्था भएकोले सो विधेयकको दफा ४(६), ५(१), ६(२), १०(५), १२(२)र(४), १३(१), १५, १६(४), १७(१)(छ)र(२)(च), १८(२), १९(२), २१(२), २५(८), २८(२), २९(३), २९(८), ३१(२), ३२(२)र(५), ३७(१)(ज),(२)र(४), ३८(३), ३९(५), ४०(४), ४१(४), ४३(६), ४५(२), ४८(६), ४९(४), ५३(१), ५४(७), ५५(२), ५६(१), ५७(ग), ६०(१),(३)र(४), ६१, ६२(१)र(३), ६३(३), ६५(२), ६६(४), ६७(२)(ङ),(न)र(ठ), ६९(१)र(२), ७०(१)र(२), ७१(३)र(४), ७२(१),(४)र(५), ७७(६), ७८(१)र(२), ८८, ८९ मा उल्लेखित व्यवस्थाहरु नियमावलीमा समावेश गर्न प्रस्ताव गरिएको छ। माथि विभिन्न दफाहरुमा उल्लेख भए अनुसार प्रत्यायोजित व्यवस्थापनसँग प्रस्तावित ऐनको व्यवस्था, नियमावली बनाउनु पर्ने कारण र त्यसबाट पर्न सक्ने प्रभावहरु यस प्रकार रहेका छनः

| क्र.सं. | प्रस्तावित विधेयकको दफा/ उपदफा | नियम बनाउन सकिने व्यवस्था | नियम बनाउनु पर्ने कारण | बनाउने नियमको प्रकृति तथा त्यसबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | ४(६) | जलमार्गको रुट निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | जलमार्गको रुट निर्धारण सम्बन्धी थप व्यवस्था नियमावलीमा राख्दा उपयुक्त हुने । | जलमार्गको रुट निर्धारण सम्बन्धी प्रावधान थप प्रष्ट हुने । |
| २ | ५(१) | जलमार्गको रुट प्रयोग गरी पानीजहाज सञ्चालन गर्न चाहने पानीजहाजको धनीले तोकिए बमोजिमको कागजात र | समयसंगै प्रशासनिक प्रकृया, आवश्यक कागजात र दस्तुरमा परिमार्जन गर्न | समयसापेक्ष प्रकृया छिटोछरितो हुने र दस्तुर परिमार्जन हुने । |

| | | | | |
|---|---|---|---|---|
| | | दस्तुर सहित जलमार्गको रुट अनुमतिको लागि कार्यालयमा निवेदन दिनु पर्नेछ । | आवश्यक हुने । | |
| ३ | ६(२) | जलमार्गको रुट प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | जलमार्गको रुट प्रयोग सम्बन्धी थप व्यवस्था नियमावलीमा राख्दा उपयुक्त हुने । | जलमार्गको यात्रा थप सुरक्षित र प्रभावकारी हुने । |
| ४ | १०(५) | पानीजहाज निर्माणको स्वीकृति सम्बन्धी प्रक्रिया, संलग्न गर्नुपर्ने कागजात र दस्तुर तोकिए बमोजिम हुनेछ। | समयसँगै प्रशासनिक प्रकृया, आवश्यक कागजात र दस्तुरमा परिमार्जन गर्न आवश्यक हुने । | समयसापेक्ष प्रकृया छिटोछरितो हुने र दस्तुर परिमार्जन हुने । |
| ५ | १२(२) | कुनै व्यक्ति वा संस्थाले पानीजहाज सेवा उद्योग सञ्चालन गर्न चाहेमा सोको अनुमतिको लागि कार्यालयमा तोकिए बमोजिम निवेदन दिनु पर्नेछ। | कार्यालयमा निवेदन दिने प्रकृया नियमावलीमा राख्दा उपयुक्त हुने । | कार्यालयमा निवेदन दिने प्रकृयाका विषयमा सर्वसाधारणलाई थप प्रष्ट हुने । |
| ६ | १२(४) | उपदफा (१) बमोजिम पानीजहाज सेवा उद्योगको अनुमतिको लागि दिने निवेदनको ढाँचा, नवीकरण, नवीकरण दस्तुर तथा अनुमति दिने सम्बन्धी | समयसँगै प्रशासनिक प्रकृया, आवश्यक कागजात, नवीकरण, नवीकरण दस्तुर तथा अनुमति दिने सम्बन्धी सर्त परिमार्जन गर्न | समयसापेक्ष प्रकृया छिटोछरितो हुने र नवीकरण दस्तुर तथा अनुमति दिने सम्बन्धी सर्त परिमार्जन हुने । |

| | | | | |
|---|---|---|---|---|
| | | सर्त, प्रक्रिया र कार्यविधि तोकिए बमोजिम हुनेछ। | आवश्यक हुने । | |
| ७ | १३(१) | पानीजहाज सेवा उद्योग सञ्चालनको लागि आवश्यक पूँजीको स्वामित्व र सीमा तोकिए बमोजिम हुनेछ। | पानीजहाज सेवा उद्योग सञ्चालनको लागि आवश्यक पूँजीको स्वामित्व र सीमा समयानुसार परिमार्जन गर्न उपयुक्त हुने । | पानीजहाज सेवा उद्योगको पूँजीको स्वामित्व र सीमा समयानुकूल परिमार्जन हुने । |
| ८ | १५ | पानीजहाज सेवा सञ्चालन गर्ने पानीजहाजको धनीले सम्भावित क्षतिको लागि तोकिए बमोजिम बीमा गराउनु पर्नेछ । | अन्तर्राष्ट्रिय प्रावधान बमोजिम बीमा सम्बन्धी व्यवस्था परिवर्तन हुन सक्ने हुँदा नियमावलीमा राख्दा उपयुक्त हुने । | बीमा सम्बन्धी व्यवस्था समयानुकूल र अन्तर्राष्ट्रिय प्रावधानसंग तादम्य हुने । |
| ९ | १६(४) | सर्भेयरको योग्यता, वर्गीकरण, छनौट गर्ने प्रक्रिया र कार्यविधि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | सर्भेयरको योग्यता, वर्गीकरण, छनौट गर्ने प्रक्रिया र कार्यविधि समयानुकूल परिमार्जन गर्न नियमावलीमा राख्न उपयुक्त हुने । | सर्भेयरको योग्यता, वर्गीकरण, छनौट गर्ने प्रक्रिया र कार्यविधि पारदर्शी र समयानुकूल हुने । |
| १० | १७(१)(छ) | तोकिए बमोजिमको अन्य काम गर्ने। | समुद्रमा संचालन हुने पानीजहाजको सर्भेयरको काम र कर्तव्य अन्तर्राष्ट्रिय प्रावधान बमोजिम | समुद्रमा संचालन हुने पानीजहाजको सर्भेयरको काम र कर्तव्य अन्तर्राष्ट्रिय प्रावधान अनुरुप |

| | | | | |
|---|---|---|---|---|
| | | | परिवर्तन हुन सक्ने हुँदा नियमावलीमा राख्न उपयुक्त हुने । | तादम्य हुने । |
| ११ | १७(२)(च) | तोकिए बमोजिमका अन्य काम गर्ने। | आन्तरिक जलमार्गमा चल्ने पानीजहाजको सर्भेयरको काम र कर्तव्य समय समयमा परिमार्जन गर्न सहज हुने हुँदा नियमावलीमा राख्न उपयुक्त हुने । | आन्तरिक जलमार्गमा चल्ने पानीजहाजको सर्भेयरको काम र कर्तव्य समयानुकूल परिमार्जन हुने । |
| १२ | १८(२) | पानीजहाजको सर्भे गर्ने प्रकिया, कार्यविधी र सर्भेयरले पालना गर्नु पर्ने सर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | पानीजहाजको सर्भे गर्ने प्रकिया, कार्यविधी र सर्भेयरले पालना गर्नु पर्ने सर्त समयानुकूल परिमार्जन गर्न नियमावलीमा राख्न उपयुक्त हुने । | पानीजहाजको सर्भे प्रकृया सहज र प्रभावकारी हुने । |
| १३ | १९(२) | सर्भे प्रमाणपत्रको मान्यता अवधि, ढाँचा र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | सर्भे प्रमाणपत्रको मान्यता अवधि, ढाँचा र सो सम्बन्धी अन्य व्यवस्था अन्तराष्ट्रिय प्रावधान बमोजिम कायम गर्न नियमावलीमा राख्न उपयुक्त हुने । | सर्भे प्रमाणपत्रको मान्यता अवधि, ढाँचा र सो सम्बन्धी अन्य व्यवस्था अन्तर्राष्ट्रिय प्रावधान बमोजिम कायम रहने । |
| १४ | २१(२) | सर्भे शुल्क सम्बन्धी अन्य व्यवस्था तोकिए | सर्भे शुल्क समयसमयमा परिवर्तन | सर्भे शुल्क सम्बन्धी व्यवस्था |

| | | | | |
|---|---|---|---|---|
| | | बमोजिम हुनेछ। | हुने र पानीजहाजको आकारप्रकार अनुसार फरक हुने भएकोले नियमावलीमा राख्न उपयुक्त हुने । | पारदर्शी र थप प्रष्ट हुने । |
| १५ | २५(८) | पानीजहाज दर्ताको लागि दिइने निवेदनको ढाँचा, प्रक्रिया, कार्यविधि, संलग्न गर्नु पर्ने कागजात र विवरण, दस्तुर, पूरा गर्नु पर्ने सर्त र मापदण्ड तोकिए बमोजिम हुनेछ। | पानीजहाज दर्ताको लागि दिइने निवेदनको ढाँचा, प्रक्रिया, कार्यविधि, संलग्न गर्नु पर्ने कागजात र विवरण, दस्तुर, पूरा गर्नु पर्ने सर्त र मापदण्ड समयानुकूल परिमार्जन गर्न नियमावलीमा राख्न उपयुक्त हुने । | पानीजहाज दर्ता प्रकृया सहज र छरितो हुने । |
| १६ | २८(२) | दर्ता किताबको ढाँचा र दर्ता किताबमा रहने विवरण तोकिए बमोजिम हुनेछ। | पानीजहाज दर्ता कितावको ढाँचा र सोमा रहने विवरण समयानुकूल परिमार्जन गर्न नियमावलीमा राख्न उपयुक्त हुने । | पानीजहाज दर्ता प्रकृया सहज र छरितो हुने । |
| १७ | २९(३) | दर्ता प्रमाणपत्रको बहाल अवधि तोकिए बमोजिम हुनेछ। | पानीजहजको प्रकार र वर्ग अनुसार दर्ता प्रमाणपत्रको बहाल अवधि फरक फरक हुन सक्ने हुँदा नियमावलीमा राख्न | समय समयमा पानीजहाजको दर्ता नवीकरण हुने र सुरक्षित रुपमा पानीजहाज संचालनमा मद्दत |

| | | | | |
|---|---|---|---|---|
| | | | उपयुक्त हुने । | पुग्ने । |
| १८ | २९(८) | दर्ता प्रमाणपत्रको नवीकरणको लागि दिइने निवेदनको ढाँचा, शुल्क र प्रतिलिपि दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | दर्ता प्रमाणपत्रको नवीकरणको लागि दिइने निवेदनको ढाँचा, शुल्क र प्रतिलिपि दिने सम्बन्धी अन्य व्यवस्था समयानुकूल परिमार्जन गर्न नियमावलीमा राख्न उपयुक्त हुने । | दर्ता प्रमाणपत्र नवीकरण सम्बन्धी व्यवस्था थप प्रष्ट र सहज हुने । |
| १९ | ३१(२) | पानीजहाजको धनीले पानीजहाज सञ्चालन गर्दा पानीमा रहेका जीव, जीवाणु, ब्याक्टेरिया वा पानीमा रहने लेउबाट पानीजहाजको (एन्टी-फाउलिङ सिस्टम) संरक्षण गर्नको लागि त्यस्तो पानीजहाजको सतहमा तोकिए बमोजिम रङ्ग लगाउनु पर्नेछ। | अध्ययन अनुसन्धानबाट नयाँ एन्टी फाउलिङ सिस्टमको विकास हुने हुने यस सम्बन्धी व्यवस्था समयानुकूल परिमार्जन गर्न नियमावलीमा राख्न उपयुक्त हुने । | पानीमा रहेका जीव, जीवाणु, ब्याक्टेरिया वा पानीमा रहने लेउबाट पानीजहाजको संरक्षण थप प्रभावकारी हुने । |
| २० | ३२(२) | रेडियो प्रसारण स्टेसन वा रेडियो टेलिफोनको व्यवस्था भएको पानीजहाजको लागि नाम दिँदा रेडियो सञ्चारको प्रयोजनको लागि तोकिए | अन्तर्राष्ट्रिय प्रावधान बमोजिम रेडियो सञ्चारको प्रयोजनको लागि सङ्केत (कोड) नाम दिनुपर्ने भएको हुँदा नियमावलीमा | फरक फरक सङ्केत (कोड) नामका कारण संचार तथा सुचना प्रवाह प्रभावकारी बन्ने । |

| | | | | |
|---|---|---|---|---|
| | | बमोजिम सङ्केत (कोड) नाम समेत दिनु पर्नेछ। | राख्न उपयुक्त हुने । | |
| २१ | ३२(५) | पानीजहाजको पहिचानको लागि दिइने नाम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | पानीजहाजको नाम सम्बन्धी व्यवस्था समयानुकूल परिवर्तन हुनसक्ने भएकोले नियमावलीमा राख्न उपयुक्त हुने । | फरक फरक नामका कारण संचार तथा सुचना प्रवाह प्रभावकारी बन्ने । |
| २२ | ३७(१)(ञ) | तोकिए बमोजिमका अन्य लिखत। | पानीजहाजले साथमा राख्नुपर्ने लिखत तथा प्रमाणपत्र अन्तर्राष्ट्रिय प्रावधान बमोजिम समयानुकूल परिमार्जन गर्न नियमावलीमा राख्न उपयुक्त हुने । | अन्तर्राष्ट्रिय प्रावधानसंग अद्यावधिक हुने । |
| २३ | ३७(२) | नेपालको आन्तरिक जलमार्गमा सञ्चालन हुने पानीजहाजको हकमा तोकिए बमोजिमका लिखत प्रमाणपत्र तथा रोजनामचा साथमा राख्नु पर्नेछ । | पानीजहाजले साथमा राख्नुपर्ने लिखत तथा प्रमाणपत्र आन्तरिक जलमार्गमा सञ्चालन हुने पानीजहाजको हकमा समयानुकूल परिमार्जन गर्न नियमावलीमा राख्न उपयुक्त हुने । | आन्तरिक जलमार्गमा सञ्चालन हुने पानीजहाजको प्रवर्द्धन हुने । |
| २४ | ३७(४) | व्यापारिक पानीजहाजले प्रयोग गरेको रोजनामचा तोकिएको समयभित्र नेपाल सरकारले तोकेको | रोजनामचाहरु विभिन्न अवधि र विभिन्न निकायमा बुझाउनुपर्ने अवस्था आउनसक्ने | रोजनामचाहरु अद्यावधिक हुने र समयमै कार्यालयमा प्राप्त |

| | | | | |
|---|---|---|---|---|
| | | निकाय वा कार्यालयमा बुझाउनु पर्नेछ। | हुँदा नियमावलीमा राख्न उपयुक्त हुने । | हुने । |
| २५ | ३८(३) | पानीजहाजको रोजनामचा र इन्जिनको रोजनामचा रहने विवरण तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | पानीजहाजको रोजनामचा र इन्जिनको रोजनामचा सम्बन्धी व्यवस्था अन्तर्राष्ट्रिय प्रावधान बमोजिम समयानुकूल परिमार्जन गर्न नियमावलीमा राख्न उपयुक्त हुने । | पानीजहाजको रोजनामचा र इन्जिनको रोजनामचा अन्तर्राष्ट्रिय प्रावधान अनुरुप अद्यावधिक हुने । |
| २६ | ३९(५) | आरोग्यता रोजनामचा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | आरोग्यता रोजनामचा सम्बन्धी व्यवस्था अन्तर्राष्ट्रिय प्रावधान बमोजिम समयानुकूल परिमार्जन गर्न नियमावलीमा राख्न उपयुक्त हुने । | आरोग्यता रोजनामचा सम्बन्धी व्यवस्था अन्तर्राष्ट्रिय प्रावधान अनुरुप अद्यावधिक हुने । |
| २७ | ४०(४) | रेडियोको रोजनामचा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | रेडियोको रोजनामचा सम्बन्धी व्यवस्था अन्तर्राष्ट्रिय प्रावधान बमोजिम समयानुकूल परिमार्जन गर्न नियमावलीमा राख्न उपयुक्त हुने । | रेडियोको रोजनामचा सम्बन्धी व्यवस्था अन्तर्राष्ट्रिय प्रावधान अनुरुप अद्यावधिक हुने । |
| २८ | ४१(४) | कार्गो बूक सम्बन्धी | कार्गो बूक सम्बन्धी | कार्गो बूक |

| | | | | |
|---|---|---|---|---|
| | | अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | व्यवस्था अन्तर्राष्ट्रिय प्रावधान बमोजिम समयानुकूल परिमार्जन गर्न नियमावलीमा राख्न उपयुक्त हुने । | सम्बन्धी व्यवस्था अन्तर्राष्ट्रिय प्रावधान अनुरुप अद्यावधिक हुने । |
| २९ | ४३(६) | राष्ट्रियताको अस्थायी प्रमाणपत्रको लागि दिइने निवेदनको ढाँचा, निवेदन दस्तूर, प्रमाणपत्र शुल्क र प्रमाणपत्रको ढाँचा र सोमा रहने विवरण तोकिए बमोजिम हुनेछ। | राष्ट्रियताको अस्थायी प्रमाणपत्रको लागि दिइने निवेदनको ढाँचा, निवेदन दस्तूर, प्रमाणपत्र शुल्क र प्रमाणपत्रको ढाँचा र सोमा रहने विवरण अन्तर्राष्ट्रिय प्रावधान बमोजिम समयानुकूल परिमार्जन गर्न नियमावलीमा राख्न उपयुक्त हुने । | अन्तर्राष्ट्रिय प्रावधान अनुरुप अद्यावधिक हुने । |
| ३० | ४५(२) | पानीजहाजमा राखिने झण्डाको आकार, स्वरूप तथा प्रकृति तोकिए बमोजिम हुनेछ । | व्यापारिक पानीजहाजमा राखिने झण्डाको आकार, स्वरूप तथा प्रकृतिका सम्बन्धमा नियमावलीमा नै व्यवस्था गर्न उपयुक्त हुने । | अन्तर्राष्ट्रिय प्रावधान अनुरुप नेपाली पानीजहाजमा नेपालको झण्डा प्रयोग हुने । |

| | | | | |
|---|---|---|---|---|
| ३१ | ४८(६) | पानीजहाजको स्वामित्व हस्तान्तरण सम्बन्धी सर्त र प्रक्रिया तोकिए बमोजिम हुनेछ। | पानीजहाजको स्वामित्व हस्तान्तरणको सर्त र प्रक्रिया सम्बन्धी विस्तृत व्यवस्था नियमावलीमा गर्न उपयुक्त भएको । | पानीजहाजको स्वामित्व हस्तान्तरणमा कानून स्पष्टता कायम हुने । |
| ३२ | ४९(४) | स्वामित्व हस्तान्तरण वा विदेशी नागरिकको कुनै पनि किसिमको हक दायित्व सिर्जना हुने गरी धितो बन्धकीको स्वीकृति लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | स्वामित्व हस्तान्तरण वा विदेशी नागरिकको कुनै पनि किसिमको हक दायित्व सिर्जना हुने गरी धितो बन्धकीको स्वीकृति लिने सम्बन्धी विस्तृत व्यवस्था नियमावलीमा गर्न उपयुक्त हुने । | विदेशी नागरिकको नाममा स्वामित्व हस्तान्तरण वा धितो बन्धकी सम्बन्धी व्यवस्था स्पष्ट हुने । |
| ३३ | ५३(१) | पानीजहाज वा त्यसको शेयर बन्धकी लिने व्यक्ति वा संस्थाले प्रचलित कानूनको अधिनमा रही अन्य कुनै व्यक्ति वा संस्थाको नाममा बन्धकी हस्तान्तरण गरेमा वा कानून बमोजिम निजको हकवालाले त्यस्तो बन्धकी उपर हक प्राप्त | बन्धकी उपर हक प्राप्त गर्नु अघि त्यस्तो व्यक्ति, संस्था वा हकवालाले तोकिए बमोजिम रजिष्ट्रारबाट स्वीकृति लिनु पर्ने सम्बन्धी विस्तृत व्यवस्था नियमावलीमा गर्न उपयुक्त हुने । | बन्धकी उपर हक प्राप्त हुने सम्बन्धी व्यवस्था स्पष्ट हुने । |

| | | | | |
|---|---|---|---|---|
| | | गर्ने अवस्था रहेमा बन्धकी उपर हक प्राप्त गर्नु अघि त्यस्तो व्यक्ति, संस्था वा हकवालाले तोकिए बमोजिम रजिष्ट्रारबाट स्वीकृति लिनु पर्नेछ। | | |
| ३४ | ५४(७) | सुरक्षा प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | सुरक्षा प्रमाणपत्र सम्बन्धमा अन्तर्राष्ट्रिय महासन्धीहरु अनुसार केहि प्राबधानहरु थपघट हुन सक्ने हुँदा अन्य व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने । | सुरक्षा प्रमाणपत्र सम्बन्धी व्यवस्था अन्तर्राष्ट्रिय प्रावधान अनुरुप अद्यावधिक हुने । |
| ३५ | ५५(२) | टनेज प्रमाणपत्र लिनको लागि लाग्ने दस्तुर, टनेज प्रमाणपत्र सम्बन्धी सर्त, प्रक्रिया, कार्यविधि र टनेज प्रमाणपत्रको ढाँचा तोकिए बमोजिम हुनेछ। | टनेज प्रमाणपत्र लिनको लागि लाग्ने दस्तुर, टनेज प्रमाणपत्र सम्बन्धी सर्त, प्रक्रिया, कार्यविधि र टनेज प्रमाणपत्रको ढाँचा अन्तर्राष्ट्रिय महासन्धी बमोजिम समयानुकूल परिमार्जन गर्न नियमावलीमा राख्न उपयुक्त हुने । | टनेज प्रमाणपत्र लिनको लागि लाग्ने दस्तुर, टनेज प्रमाणपत्र सम्बन्धी सर्त, प्रक्रिया, कार्यविधि र टनेज प्रमाणपत्रको ढाँचा अन्तर्राष्ट्रिय प्रावधान अनुरुप अद्यावधिक हुने । |
| ३६ | ५६(१) | आन्तरिक जलमार्गमा | आन्तरिक जलमार्गमा | आन्तरिक |

| | | | | |
|---|---|---|---|---|
| | | सञ्चालन हुने पानीजहाज सञ्चालन गर्दा यात्रु वा मालसामानको सुरक्षाका सम्बन्धमा तोकिए बमोजिमको सुरक्षा मापदण्डको पालना गर्नु पर्नेछ। | सञ्चालन हुने पानीजहाजका लागि सुरक्षा सम्बन्धी मापदण्ड समयानुकूल परिमार्जन गर्न नियमावलीमा राख्न उपयुक्त हुने । | जलमार्गमा सञ्चालन हुने पानीजहाज सुरक्षित हुने । |
| ३७ | ५७(ग) | यात्रुको जीवन रक्षाका लागि पानीजहाजमा व्यवस्था गर्नुपर्ने लाईफ ज्याकेट लगायतका तोकिए बमोजिमका सामग्री तथा उपकरणको बन्दोबस्त गर्ने । | पानीजहाजमा यात्रुको जीवन रक्षाका लागि गर्नुपर्ने व्यवस्थाहरु अन्तर्राष्ट्रिय प्रावधान बमोजिम समयानुकूल परिमार्जन गर्न नियमावलीमा राख्न उपयुक्त हुने । | पानीजहाजमा यात्रा गर्ने यात्रुको जीवन थप सुरक्षित हुने । |
| ३८ | ६०(१) | यस ऐन बमोजिम दर्ता भएका पानीजहाजले कार्यालयबाट तोकिए बमोजिम प्रदूषणमुक्त प्रमाणपत्र लिनु पर्नेछ। | प्रदूषणमुक्त प्रमाणपत्र सम्बन्धी व्यवस्था अन्तर्राष्ट्रिय प्रावधान बमोजिम समयानुकूल परिमार्जन गर्न नियमावलीमा राख्न उपयुक्त हुने । | पानीजहाजबाट हुने प्रदूषण नियन्त्रणमा मद्दत मिल्ने । |
| ३९ | ६०(३) | उपदफा (१) बमोजिमको प्रमाणपत्रको मान्य अवधि तोकिए | पानीजहाजको वर्ग र प्रकार अनुसार प्रदूषणमुक्त प्रमाणपत्रको मान्य | समय समयमा प्रदूषणमुक्त प्रमाणपत्रको नवीकरण हुने र |

| | | | | |
|---|---|---|---|---|
| | | बमोजिम हुनेछ। | अवधि फरक हुन सक्ने हुँदा नियमावलीमा राख्दा उपयुक्त हुने । | प्रदूषण नियन्त्रणमा मद्दत पुग्ने । |
| ४० | ६०(४) | पानीजहाज सञ्चालन गर्दा त्यसबाट निस्कने तेलजन्य पदार्थ र टैङ्करबाट ढुवानी हुने तेलजन्य पदार्थबाट हुन सक्ने जल प्रदूषणलाई न्यून गर्न त्यस्तो पानीजहाजले तोकिए बमोजिमको प्रदूषण नियन्त्रण मापदण्डको पालना गर्नु पर्नेछ। | अन्तर्राष्ट्रिय महासन्धी बमोजिम पानीजहाजको प्रदूषण नियन्त्रण सम्बन्धी मापदण्ड समयानुकूल परिमार्जन गर्न नियमावलीमा राख्न उपयुक्त हुने । | नेपाली पानीजहाजले अन्तर्राष्ट्रिय मापदण्ड पालना हुने । |
| ४१ | ६१ | पानीजहाजले जलपरिवहनको समयमा त्यस्तो पानीजहाजभित्रको सिर्जित फोहोर निकास र अन्य फोहरमैलाको तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ । | पानीजहाजको वर्ग र प्रकार अनुसार फोहोरमैलाको व्यवस्थापन फरक हुन सक्ने हुँदा नियमावलीमा राख्न उपयुक्त हुने । | पानीजहाजबाट निष्कासन हुने फोहोरमैलाको उचित व्यवस्थापन हुने । |
| ४२ | ६२(१) | कुनै व्यक्ति वा संस्थाले पानीजहाजको मर्मत सम्भार सम्बन्धी व्यवसाय गर्न चाहेमा तोकिए बमोजिम | पानीजहाजको मर्मत सम्भार सम्बन्धी व्यवसाय गर्न आवश्यक योग्यता, प्रविधि तथा जनशक्ति | पानीजहाजको मर्मत सुरक्षित र भरपर्दो हुने । |

| | | | | |
|---|---|---|---|---|
| | | योग्यता, प्रविधि तथा जनशक्ति राख्ने गरी पानीजहाज मर्मत सम्भार गर्दा अपनाउनु पर्ने मन्त्रालयबाट निर्धारित मापदण्ड पूरा गर्ने प्रतिबद्धता समेत जनाई पानीजहाजको मर्मत सम्भार सम्बन्धी व्यवसायको स्वीकृतिको लागि कार्यालयमा निवेदन दिनु पर्नेछ। | समयानुकूल परिमार्जन हुन सक्ने हुँदा नियमावलीमा राख्न उपयुक्त हुने । | |
| ४३ | ६२(३) | पानीजहाजको मर्मत सम्भार सम्बन्धी व्यवसायको स्वीकृतिको लागि दिइने निवेदनको ढाँचा, निवेदन दस्तुर, स्वीकृति पत्रको ढाँचा, अवधि, दर्ता शुल्क, नवीकरण, नवीकरण शुल्क, स्वीकृतिपत्र दिने सर्त, प्रक्रिया र कार्यविधि तोकिए बमोजिम हुनेछ। | समयसंगै प्रशासनिक प्रकृया, आवश्यक कागजात र दस्तुरमा परिमार्जन गर्न आवश्यक हुने भएकोले नियमावलीमा राख्न उपयुक्त हुने । | समयसापेक्ष प्रकृयालाई छिटोछरितो हुने र दस्तुर परिमार्जन हुने । |
| ४४ | ६३(३) | स्वीकृतिपत्र निलम्बन वा रद्द गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | समयसँगै स्वीकृतिपत्र निलम्बन वा रद्द गर्ने सम्बन्धी व्यवस्थाहरु परिमार्जन गर्न | ऐन नियमको पूर्ण पालना हुने । |

| | | | | |
|---|---|---|---|---|
| | | | आवश्यक हुने भएकोले नियमावलीमा राख्न उपयुक्त हुने । | |
| ४५ | ६५(२) | खोज तथा उद्धार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | खोज तथा उद्धार सम्बन्धी विस्तृत व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने । | खोज तथा उद्दार कार्य प्रभावकारी हुने । |
| ४६ | ६६(४) | पानीजहाज दुर्घटनाको जाँचबुझ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | पानीजहाज दुर्घटनाको जाँचबुझ सम्बन्धी विस्तृत व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने । | पानीजहाज दुर्घटनाको जाँचबुझ प्रभावकारी र विश्वासनीय हुने । |
| ४७ | ६७(२)(ङ) | पानीजहाजको उपयोगको आधारमा तोकिए बमोजिम पानीजहाजको प्रकार निर्धारण गर्ने । | अन्तर्राष्ट्रिय मान्यतानुसार समुद्रमा संचालन हुने र आन्तरिक जलमार्गमा संचालन हुने पानीजहाजको प्रकार निर्धारण नियमावलीमा गर्न उपयुक्त हुने । | पानीजहाजको बैज्ञानिक ढंगबाट बर्गिकरण हुने । |
| ४८ | ६७(२)(न) | तोकिए बमोजिमको अन्य काम गर्ने। | कार्यालयको काम कर्तव्य र अधिकार समयानुसार परिमार्जन हुन सक्ने हुँदा नियमावलीमा राख्न उपयुक्त हुने । | समयानुकूल काम कर्तव्य र अधिकार परिमार्जन हुने र सेवा प्रवाहमा सहज हुने । |

| | | | | |
|---|---|---|---|---|
| ४९ | ६८(२)(ठ) | तोकिए बमोजिमको अन्य काम गर्ने। | रजिष्ट्रारको काम कर्तव्य र अधिकार समयानुसार परिमार्जन हुन सक्ने हुँदा नियमावलीमा राख्न उपयुक्त हुने । | समयानुकूल काम कर्तव्य र अधिकार परिमार्जन हुने र सेवा प्रवाहमा सहज हुने । |
| ५० | ६९(१) | पानीजहाज सञ्चालन गर्दा आवश्यक सूचना आदानप्रदान गर्नको लागि प्रयोग हुने रेडियो उपकरणको अवस्थाबारे निरीक्षण गर्न तोकिए बमोजिमका योग्यता भएको कर्मचारीलाई कार्यालयले रेडियो निरीक्षक तोक्न सक्नेछ। | रेडियो निरिक्षकको योग्यता समयानुकूल परिवर्तन र अन्तर्राष्ट्रिय प्रावधान बमोजिम बनाउनुपर्ने भएकोले नियमावलीमा राख्न उपयुक्त हुने । | सक्षम व्यक्ति रेडियो निरीक्षक नियुक्त हुने । |
| ५१ | ६९(२) | रेडियो निरीक्षकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ। | रेडियो निरीक्षकको काम कर्तव्य र अधिकार समयानुसार परिमार्जन हुन सक्ने हुँदा नियमावलीमा राख्न उपयुक्त हुने । | समयानुकूल काम कर्तव्य र अधिकार परिमार्जन हुने र सेवा प्रवाहमा सहज हुने । |
| ५२ | ७०(१) | यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा मापदण्ड बमोजिम तथा दर्ता प्रमाणपत्रमा तोकिएको सर्त बमोजिम | पानीजहाज निरिक्षकको योग्यता समयानुकूल परिवर्तन र अन्तर्राष्ट्रिय प्रावधान बमोजिम बनाउनुपर्ने | सक्षम व्यक्ति पानीजहाज निरीक्षक नियुक्त हुने । |

| | | | | |
|---|---|---|---|---|
| | | पानीजहाज सञ्चालन गरे वा नगरेको सम्बन्धमा आवश्यक निरीक्षण तथा जाँचबुझ गर्नको लागि कार्यालयले तोकिए बमोजिमको योग्यता भएको कर्मचारीलाई पानीजहाज निरीक्षक तोक्न सक्नेछ। | भएकोले नियमावलीमा राख्न उपयुक्त हुने । | |
| ५३ | ७०(२) | पानीजहाज निरीक्षकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ। | पानीजहाज निरीक्षकको काम कर्तव्य र अधिकार समयानुसार परिमार्जन हुन सक्ने हुँदा नियमावलीमा राख्न उपयुक्त हुने । | समयानुकूल काम कर्तव्य र अधिकार परिमार्जन हुने र सेवा प्रवाहमा सहज हुने । |
| ५४ | ७१(३) | पानीजहाजमा काम गर्ने मुख्य अधिकृत, नाविक, इन्जिनियर तथा अन्य कर्मचारीले पानीजहाजमा दिने सेवाको आधारमा नेपाल सरकार वा सम्बन्धित मुलुकको सरकार बाट मान्यता प्राप्त तालिम दिने संस्थाबाट तोकिए बमोजिमको तालिम लिनु पर्नेछ। | पानीजहाजमा पद अनुसार विभिन्न प्रकारका तालिम लिनुपर्ने हुँदा नियमावलीमा राख्न उपयुक्त हुने । | अन्तर्राष्ट्रिय महासन्धीको पालना हुने र पानीजहाजमा काम गर्ने कामदार सक्षम बन्ने । |

| | | | | |
|---|---|---|---|---|
| ५५ | ७१(४) | नाविक तथा कर्मचारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | नाविक तथा कर्मचारीका सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय महासन्धी अनुरुपका व्यवस्थाहरु गर्नुपर्ने र समय समय सो परिवर्तन समेत हुने हुँदा नियमावलीमा राख्न उपयुक्त हुने । | नाविक तथा कर्मचारी सम्बन्धी व्यवस्थाहरु अन्तर्राष्ट्रिय महासन्धी अनुरुप अद्यावधिक हुने । |
| ५६ | ७२(१) | पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारीले कार्यालयबाट तोकिए बमोजिमको सक्षमताको प्रमाणपत्र लिनु पर्नेछ र त्यस्तो प्रमाणपत्र नलिएका नाविक तथा कर्मचारीलाई पानीजहाज सञ्चालन गर्न दिनु हुँदैन । | सक्षमताको प्रमाणपत्र सम्बन्धी थप व्यवस्था नियमावलीमा राख्न उपयुक्त हुने । | सक्षमताको प्रमाणपत्र सम्बन्धी स्पष्ट कानूनी व्यवस्था गर्न सकिने । |
| ५७ | ७२(४) | सक्षमताको प्रमाणपत्रको ढाँचा, दस्तुर, नवीकरण, सोको लागि लिइने परीक्षाको प्रक्रिया, तालिम तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | समयसंगै प्रशासनिक प्रकृया, तालिम, नवीकरण र दस्तुरमा परिमार्जन गर्न आवश्यक हुने भएकोले नियमावलीमा राख्न उपयुक्त हुने । | समयसापेक्ष प्रकृयालाई छिटोछरितो हुने र दस्तुर परिमार्जन हुने । |
| ५८ | ७२(५) | यस दफामा अन्यत्र | आन्तरिक जलमार्गमा | आन्तरिक |

| | | | | |
|---|---|---|---|---|
| | | जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन लागु हुनु पूर्व नै आन्तरिक जलमार्गमा सञ्चालनमा रहेका पानीजहाजमा कार्यरत नाविक तथा कर्मचारीलाई तोकिए बमोजिमको प्रक्रिया अपनाई सक्षमताको प्रमाणपत्र प्रदान गर्न सकिनेछ। | सयौंको संख्यामा पानीजहाजहरु संचालनमा रहेको हुँदा ती पानीजहाज संचालन गर्दै आएका चालकहरुलाई सक्षमताको प्रमाणपत्र दिन केही फरक व्यवस्था गर्न उचित देखिएकोले सो व्यवस्था नियमावली राख्न उपयुक्त हुने । | जलमार्गमा विगत देखि पानीजहाज चलाउदै आएका चालकहरुको रोजगारीको सुरक्षा हुने । |
| ५९ | ७७(६) | नाविक किताब तथा नाविक परिचयपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। | नाविक किताब तथा नाविक परिचयपत्र सम्बन्धमा अन्तर्राष्ट्रिय महासन्धी अनुसारको व्यवस्थाहरु गर्नुपर्ने र सो समय समयमा परिमार्जन हुने हुँदा नियमावलीमा राख्न उपयुक्त हुने । | नेपालले जारी गर्ने नाविक किताब तथा नाविक परिचयपत्रले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्ने । |
| ६० | ७८(१) | कुनै व्यक्ति वा संस्थाले पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारीलाई तालिम दिनको लागि प्रशिक्षण संस्था स्थापना गर्न चाहेमा नेपाल | पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारीलाई तालिम दिनको लागि स्थापना हुने प्रशिक्षण संस्था सम्बन्धी व्यवस्थाहरु समयानुकूल परिमार्जन | नेपाली प्रशिक्षण संस्थाले प्रदान गर्ने तालिमको गुणस्तरीयता कायम रहने । |

| | | | | |
|---|---|---|---|---|
| | | सरकारबाट तोकिए बमोजिम स्वीकृति लिनु पर्नेछ। | हुन सक्ने हुँदा नियमावलीमा राख्न उपयुक्त हुने । | |
| ६१ | ७८(२) | उपदफा (१) बमोजिम स्वीकृति लिई स्थापना हुने प्रशिक्षण संस्थाले प्रदान गर्ने तालिमको किसिम, पाठ्यक्रम, योग्यता, दस्तुर, तालिमको अवधि लगायत सो को मापदण्डसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | समयसंगै प्रशासनिक प्रकृया, तालिमको किसिम, योग्यता, तालिम अवधि, दस्तुरमा परिमार्जन गर्न आवश्यक हुने भएकोले नियमावलीमा राख्न उपयुक्त हुने । | समयसापेक्ष प्रकृयालाई छिटोछरितो हुने र दस्तुर परिमार्जन हुने । |
| ६२ | ८८ | यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ। | नियमहरु बनाउने विषय केही प्राविधिक विषय नै भएकोले नेपाल सरकारलाई अधिकार दिन उपयुक्त हुने । | नेपाल पानीजहाज कार्यालय स्वायत्त र स्वतन्त्र रुपमा कार्य सञ्चालन गर्न सक्षम हुने। |
| ६३ | ८९ | मन्त्रालयले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम कार्यान्वयन गर्ने सन्दर्भमा सोको प्रतिकूल नहुने गरी आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ। | निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउने विषय केही पूर्णरुपमा प्राविधिक विषय नै भएकोले सो विषयमा मन्त्रालयलाई नै अधिकार दिन उपयुक्त हुने । | नेपाल पानीजहाज कार्यालय स्वायत्त र स्वतन्त्र रुपमा कार्य सञ्चालन गर्न सक्षम हुने। |

## पानीजहाजको सञ्चालन तथा व्यस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १ | संक्षिप्त नाम, विस्तार र प्रारम्भ | ऐनको नाम, यस ऐन बमोजिम दर्ता भएको पानीजहाजमा यस ऐन वा प्रचलित कानून प्रतिकूल हुने गरी कसैले कुनै कसूर नेपाल भित्र वा बाहिर जहाँसुकै रही बसेको बखत गरेमा निजलाई त्यस्तो कसूर नेपाल भित्र गरे सरह मानी यस ऐन बमोजिम सजाय हुने र यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुने व्यवस्था गरिएको छ। |
| २ | परिभाषा | यस दफामा आन्तरिक जलमार्ग, कार्यालय, क्लासिफिकेसन सोसाइटी, जलपरिवहन, जलमार्ग, झण्डा, टनेज प्रमाणपत्र, तोकिएको वा तोकिए बमोजिम, दर्ता किताब, दर्ता प्रमाणपत्र, नाविक तथा कर्मचारी, नाविक किताब, निर्माण सम्पन्नता प्रमाणपत्र, पानीजहाज, पानीजहाजको धनी, पानीजहाजको प्रकार, पानीजहाज निरीक्षक, पानीजहाज सेवा उद्योग, बीमा, मन्त्रालय, मालबाहक पानीजहाज, मालसामान, मुख्य अधिकृत, यात्रु, रजिष्ट्रार, राष्ट्रियताको अस्थायी प्रमाणपत्र, रेडियो निरीक्षक, रोजनामचा, व्यापारिक पानीजहाज, सर्भेयर, सर्भे प्रमाणपत्र जस्ता शब्दावलीको परिभाषा गरिएको छ। |
| ३ | ऐन लागु नहुने | यस दफामा यान्त्रिक शक्तिबाट नचल्ने, पन्ध्र मिटरभन्दा कम लम्बाइ भएको वा बाह्र जनासम्म यात्रु बोक्न सक्ने तोकिएको भारवहन क्षमता भएको पानीजहाज, वा नेपाल सरकारले यस ऐनका व्यवस्था लागु नहुने भनी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको पानीजहाजमा यो ऐन लागु नहुने प्रस्ताव गरिएको छ। |
| ४ | जलमार्गको रुट निर्धारण | यस दफामा नेपाल सरकारले आन्तरिक जलमार्गको रुट तथा नेपालबाट अन्य मुलुकको जलमार्गमा प्रवेश गरी सञ्चालन हुने पानीजहाजको लागि जलमार्गको रुट निर्धारण गर्ने, रुट निर्धारण गर्नु अघि त्यस्तो जलमार्गमा पानीजहाज सुरक्षित रूपमा सञ्चालन गर्न सकिने वा नसकिने सम्बन्धमा कार्यालयले सम्भाव्यता अध्ययन र |

| | | |
|---|---|---|
| | | रुटको सर्भे गर्नु वा गराउनु पर्ने,रुट निर्धारण गरिएको सूचना राजपत्रमा प्रकाशन गर्नुपर्ने, रुट निर्धारण गर्दा स्थान निर्धारण गर्नुपर्ने प्रस्ताव गरिएको छ। |
| ५ | जलमार्गको रुट अनुमति | यस दफामा निर्धारित जलमार्गको रुट प्रयोग गरी पानीजहाज सञ्चालन गर्न जलमार्गको रुट अनुमतिका लागि पानीजहाजको धनीले तोकिएको बमोजिमको कागजात र दस्तुर सहित निवेदन दिएमा कार्यालयले जलमार्गको रुट तोकी जलमार्गको रुट अनुमति दिन सक्ने प्रस्ताव गरिएको छ। |
| ६ | जलमार्गको रुट प्रयोग गर्नुपर्ने | यस दफामा अनुमति प्राप्त पानीजहाजले अनुमतिमा उल्लिखित रुटको प्रयोग गरी पानीजहाज सञ्चालन गर्नुपर्ने प्रस्ताव गरिएको छ। |
| ७ | प्रतिबन्ध वा निषेध गर्न सकिने | यस दफामा नेपाल सरकारले नेपालको कुनै जलक्षेत्रमा पानीजहाज सञ्चालन गर्न पूर्ण वा आंशिक रूपमा प्रतिबन्ध लगाउन वा त्यस्तो क्षेत्रलाई पानीजहाज सञ्चालनको लागि निषेधित क्षेत्र तोक्न सक्ने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्ने प्रस्ताव गरिएको छ। |
| ८ | जलक्षेत्रको अतिक्रमण वा अनधिकृत प्रयोग | यस दफामा कसैले निर्धारण गरिएको जलमार्गको रुट बाहेक अन्य रुट प्रयोग गरेमा, जलमार्गको रुट अनुमति नलिई पानीजहाज सञ्चालन गरे वा गराएमा, दर्ता नगरी पानीजहाज सञ्चालन गरे वा गराएमा, जलमार्गमा पानीजहाजको आवागमनमा अवरोध पुग्ने गरी कुनै कार्य गरे वा गराएमा जलक्षेत्रको अतिक्रमण वा अनधिकृत प्रयोग गरेको मानिने प्रस्ताव गरिएको छ। |
| ९ | हस्तक्षेपको आदेश (इन्टरसेप्सन अर्डर) | जलक्षेत्रको अतिक्रमण वा अनधिकृत प्रयोग गरेको पाइएमा नेपाल सरकारले हस्तक्षेपको आदेश (इन्टरसेप्सन अर्डर) जारी गर्न सक्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| १० | स्वीकृति लिनु पर्ने | पानीजहाज निर्माण सम्बन्धी व्यवसाय सञ्चालन गर्नु अघि पानीजहाजको स्वरूप, ढाँचा र योजनाका सम्बन्धमा कार्यालयबाट |

| | | |
|---|---|---|
| | | स्वीकृति लिनु पर्ने, पानीजहाजको निर्माण सम्पन्नता प्रमाणपत्र प्राप्त भए पश्चात् सर्भे तथा दर्ता सम्बन्धी कार्य अगाडि बढाउनु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ११ | निर्माण सम्पन्नता प्रमाणपत्र | पानीजहाजको स्वरुप, ढाँचा, योजना र निर्धारित मापदण्ड बमोजिमको सुरक्षाका उपाय अवलम्बन गरी निर्माण भएको व्यहोरा प्रमाणित गरी पानीजहाज निर्माण गर्ने व्यक्ति वा संस्थाले निर्माण सम्पन्नताको प्रमाणपत्र जारी गर्नु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| १२ | उद्योग सञ्चालन अनुमति | उद्योगको आर्थिक तथा प्राविधिक पक्ष, व्यवस्थापकीय क्षमता र सार्वजनिक हितलाई समेत ध्यानमा राखी पानीजहाज सेवा उद्योग सञ्चालन गर्न अनुमति दिन सक्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| १३ | स्वामित्व तथा पूँजी | आन्तरिक जलमार्गमा सञ्चालनको लागि स्थापना हुने पानीजहाज सेवा उद्योगमा विदेशी पूँजी लगानीको सीमा बढीमा उनन्चास प्रतिशत र नेपालको आन्तरिक जलमार्गको प्रयोग गरी वा नगरी अन्य मुलुकको जलमार्ग वा समुद्रमा सञ्चालनको लागि स्थापना हुने पानीजहाज सेवा उद्योगमा विदेशी लगानीको सीमा बढीमा असी प्रतिशत हुने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| १४ | भाडा दर तथा शुल्क निर्धारण | नेपाल सरकारले आन्तरिक जलमार्गमा सञ्चालन हुने पानीजहाजले यात्रु तथा मालसामान ढुवानी गर्दा लिने भाडा दर, शुल्क, यात्राका सर्त र पानीजहाजमा हुनु पर्ने न्यूनतम सुविधाको निर्धारण गर्ने तथा सो कुरा पानीजहाजको धनीले पानीजहाजमा सबैले देखिने गरी टाँस गर्नुपर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| १५ | बीमा गर्नुपर्ने | पानीजहाज सेवा सञ्चालन गर्ने पानीजहाजको धनीले सम्भावित क्षतिको लागि बीमा गराउनु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| १६ | सर्भेयर सूचीकृत गर्नु पर्ने | पानीजहाजको निर्माण तथा सञ्चालन निर्धारित मापदण्ड बमोजिम भए वा नभएको वा त्यस्तो पानीजहाज जलपरिवहनका लागि उपयुक्त रहे वा नरहेको सम्बन्धमा प्रमाणपत्र जारी गर्नको लागि कार्यालयले |

| | | |
|---|---|---|
| | | सर्भेयरको रूपमा काम गर्ने व्यक्ति वा संस्थाको नाम सूचीकृत गर्नु पर्ने, नेपाल सरकारले उपयुक्त व्यक्ति वा संस्थालाई मान्यता प्रदान गर्ने लगायत सर्भेयरको योग्यता, वर्गीकरण, छनौट गर्ने प्रक्रिया र कार्यविधि सम्बन्धी व्यवस्थाका साथै व्यापारिक पानीजहाजको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी क्लासिफिकेसन सोसाइटी सदस्य रहने गरी स्थापित इन्टरनेशनल एसोशिएसन अफ क्लासिफिकेसन सोसाइटीको सदस्यलाई त्यस्तो पानीजहाजको सर्भे, निरीक्षण र परीक्षण गर्न र सो सम्बन्धी प्रमाणपत्र जारी गर्न तोक्न सक्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| १७ | सर्भेयरको काम र कर्तव्य | समुद्रमा र आन्तरिक जलमार्गमा चल्ने पानीजहाजको सम्बन्धमा सर्भेयरको काम र कर्तव्य यस दफामा प्रस्ताव गरिएको छ। |
| १८ | सर्भे गराउनु पर्ने | पानीजहाज दर्ता गराउन चाहने पानीजहाजको धनीले दर्ताको लागि निवेदन दिनु अघि सर्भेयरबाट सर्भे गराउनु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| १९ | सर्भे प्रमाणपत्र | यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दर्ताको लागि तोकिएको सर्त तथा मापदण्ड पूरा गरेको देखिएमा सर्भे प्रमाणपत्र दिनु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| २० | एकभन्दा बढी सर्भेयरबाट सर्भे गराउन सक्ने | कुनै पानीजहाजको सम्बन्धमा कार्यालयले पुनः सर्भे गराउन आवश्यक देखेमा अन्य सर्भेयरबाट सर्भे गराउन आदेश दिन सक्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| २१ | सर्भे शुल्क | सर्भे प्रमाणपत्र जारी गर्ने सर्भेयरलाई पानीजहाजको धनीले सर्भे शुल्क दिनु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| २२ | सर्भे प्रमाणपत्र राख्नु पर्ने | पानीजहाजको धनीले सर्भे प्रमाणपत्र सबैले देख्ने गरी पानीजहाजमा राख्नु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| २३ | सर्भेयरको सूचीबाट | सर्भेयरले गर्नुपर्ने काम कारबाही नगरेमा, पूरा गर्नु पर्ने कुनै सर्त वा मापदण्ड पूरा नगरेको अवस्थामा वा बद्नियत चिताई सर्भेको प्रमाणपत्र जारी गरेको पाइएमा त्यस्तो सर्भेयरको नाम सूचीबाट |

| | | |
|---|---|---|
| | हटाउन सक्ने | हटाउन सक्ने र हटाउनु अघि कार्यालयले सम्बन्धित सर्भेयरलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| २४ | सर्भे सम्बन्धी कानूनको पालना गर्नु पर्ने | अन्य मुलुकको जलमार्ग प्रयोग हुने गरी पानीजहाज सेवा सञ्चालन गर्दा सम्बन्धित मुलुकको सर्भे सम्बन्धी कानूनको पालना गर्नु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| २५ | पानीजहाज दर्ता | पानीजहाज सञ्चालन गर्नु अघि कार्यालयमा दर्ता गर्नु पर्ने, यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भएको पानीजहाजले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कार्यालयमा पुन: दर्ता गराउनु पर्ने, अन्य मुलुकमा दर्ता भएको पानीजहाज यस ऐन बमोजिम नेपालमा दर्ता नगरिने, पानीजहाज दर्ता सम्बन्धी सर्त, प्रक्रिया र मापदण्ड, शुल्क सम्बन्धी व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| २६ | पानीजहाज दर्ता गर्न इन्कार गर्न सक्ने | पानीजहाजको निर्माण सम्पन्नताको प्रमाणपत्र संलग्न नभएको, सर्भे प्रमाणपत्र संलग्न नभएको, व्यापारिक पानीजहाजको हकमा बीस वर्ष अघि निर्माण भएको, वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमका सर्त, प्रक्रिया र मापदण्ड पूरा नगरेको अवस्थामा रजिष्ट्रारले पानीजहाज दर्ता गर्न इन्कार गर्न सक्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| २७ | दर्ता नम्बर दिनु पर्ने | पानीजहाज दर्ता गरेपछि त्यस्तो पानीजहाजको पहिचानको लागि दर्ता नम्बर दिनु पर्ने र उक्त दर्ता नम्बर पानीजहाजको मुख्य अधिकृतले सबैले देख्ने गरी पानीजहाजमा उल्लेख गर्नु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| २८ | दर्ता किताब | आन्तरिक जलमार्गमा सञ्चालन हुने पानीजहाज, आन्तरिक जलमार्गको रुट प्रयोग गरी वा नगरी अन्य मुलुकमा सञ्चालन हुने पानीजहाज, र समुद्रमा सञ्चालन हुने पानीजहाजको विवरण खुलाई छुट्टाछुट्टै दर्ता किताब राख्नु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| २९ | दर्ता प्रमाणपत्र | पानीजहाजको पेट (हल) पहिचान नम्बर, दर्ता नम्बर, प्रकार, टनेज, |

| | | |
|---|---|---|
| | | स्वामित्व सम्बन्धी विवरण, राष्ट्रियता, दर्ता प्रमाणपत्र बहाल रहने अवधि, जलपरिवहन सञ्चालन हुने क्षेत्र, लगाइएको दायित्व (चार्जेज) र प्रतिबन्ध (रेष्ट्रिक्सन) लगायतको विषय उल्लेख गरी दर्ता प्रमाणपत्र दिनुपर्ने र सो प्रमाणपत्र सबैले देख्ने गरी पानीजहाजमा राख्नुपर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ३० | दर्ता बदर गर्न सक्ने | पानीजहाजलाई जलमार्गबाट स्थायी रूपमा झिकिएमा, हराएमा, नष्ट भएमा, वा कुनै कारणले पानीजहाजलाई स्थायी रुपमा उपयोग गर्न नसकिने भएमा पानीजहाजको दर्ता बदर गर्न सकिने र दर्ता बदर भएको पानीजहाज पुनः दर्ता गर्नु परेमा नयाँ पानीजहाज सरहको प्रक्रिया पूरा गरी दर्ता गर्नु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ३१ | चिन्ह र रङ्ग लगाउनु पर्ने | दर्ता गर्नुअघि चिन्ह लगाई सञ्चालन गर्दा पानीमा रहेका जीव, जीवाणु, ब्याक्टेरिया वा पानीमा रहने लेउबाट पानीजहाजको (एन्टी-फाउलिङ सिस्टम) संरक्षण गर्नको लागि त्यस्तो पानीजहाजको सतहमा रङ्ग लगाउनु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ३२ | पानी जहाजको नाम | दर्ता भएको व्यापारिक पानीजहाजको पहिचानको लागि अर्को व्यापारिक पानीजहाजको नामसँग नमिल्ने गरी छुट्टै नाम दिनु पर्ने, रेडियो प्रसारण स्टेसन वा रेडियो टेलिफोनको व्यवस्था भएको पानीजहाजमा सङ्केत(कोड) नाम, अनुमति बिना नाम परिवर्तन गर्न नपाइने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ३३ | दर्ता स्थान | पानीजहाजको दर्ता स्थान काठमाडौं रहने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ३४ | स्वीकृति लिनु पर्ने | दर्ता भएको पानीजहाजको नाम, टनेज, प्रकार वा अन्य कुनै विवरण परिवर्तन गर्नु परेमा स्वीकृति लिनुपर्ने र उक्त परिवर्तित विवरणको जनाकारी सबैले देख्ने गरी राख्नु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ३५ | निरीक्षण गर्न | पानीजहाजको सम्बन्धमा पानीजहाज निरीक्षक वा अन्य अधिकृतको |

| | | |
|---|---|---|
| | सक्ने | टोली खटाई जुनसुकै बखत निरीक्षण गर्न वा गराउन सक्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ३६ | विवरण माग गर्ने | यस ऐन बमोजिम अनुमति लिई सञ्चालनमा रहेको पानीजहाजको काम कारबाहीको सम्बन्धमा कार्यालयले निश्चित समयावधि तोकी आवश्यक विवरण माग गर्न सक्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ३७ | प्रमाणपत्र र रोजनामचा | प्रत्येक पानीजहाजमा दर्ता प्रमाणपत्र, पानीजहाज र इन्जिनको रोजनामचा, आरोग्यता (स्यानिटेशन) सम्बन्धी रोजनामचा, रेडियोको रोजनामचा, कार्गो बूक, सुरक्षाको प्रमाणपत्र, टनेज प्रमाणपत्र, प्रदूषणमुक्त प्रमाणपत्र, नाविक तथा कर्मचारीको सूची लगायतका लिखत, प्रमाणपत्र र रोजनामचा नेपाली र अङ्ग्रेजी भाषामा लेखिएको हुनु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ३८ | पानीजहाज र इन्जिनको रोजनामचा | पचास वा सो भन्दा बढी ग्रस टनेज भएको पानीजहाजले र जतिसुकै टनेज भएको भए तापनि एकसय पचास हर्स पावर भन्दा बढी चालन शक्ति (मोटिभ पावर) भएको पानीजहाजले पानीजहाजको रोजनामचा र इन्जिनको रोजनामचा राख्नु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ३९ | आरोग्यता (स्यानिटेशन) सम्बन्धी रोजनामचा | चार सय वा सो भन्दा बढी ग्रस टनेज भएको व्यापारिक पानीजहाजले आरोग्यता सम्बन्धी रोजनामचा राख्नु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ४० | रेडियोको रोजनामचा | रेडियो टेलिग्राफ जडान भएका पानीजहाजले यात्राका बखत रेडियो टेलिग्राफ सञ्चालन गर्ने कोठामा रेडियोको रोजनामचा राख्नु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ४१ | कार्गो बूक | पाँच सय टन वा सोभन्दा बढी टनेज भएको वा मालवाहक पानीजहाजले कार्गो बूक राख्नु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |

| | | |
|---|---|---|
| ४२ | पानीजहाजलाई राष्ट्रियता प्राप्त हुने | झण्डा प्रयोग गरी नेपाल बाहिर सञ्चालन हुने पानीजहाजलाई नेपाली राष्ट्रियता प्राप्त हुने तथा दर्ता प्रमाणपत्रलाई पानीजहाजको नेपाली राष्ट्रियताको प्रमाणपत्र मानिने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ४३ | राष्ट्रियताको अस्थायी प्रमाणपत्र | विदेश स्थित नेपाली कूटनीतिक नियोगले पानीजहाजलाई नेपाली राष्ट्रियताको अस्थायी प्रमाणपत्र प्रदान गर्न सक्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ४४ | राष्ट्रियताको अस्थायी प्रमाणपत्र फिर्ता गर्ने | राष्ट्रियताको अस्थायी प्रमाणपत्र प्रदान गरिएको पानीजहाजले सो प्रमाणपत्रको अवधि नसकिँदै दर्ता प्रमाणपत्र प्राप्त गरेमा त्यस्तो राष्ट्रियताको अस्थायी प्रमाणपत्र कार्यालयमा फिर्ता गर्नु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ४५ | झण्डा राख्नु पर्ने | यस ऐन बमोजिम दर्ता भएको प्रत्येक व्यापारिक पानीजहाजमा नेपालको झण्डा राख्नु पर्ने र पानीजहाजमा राखिने झण्डाको आकार, स्वरूप तथा प्रकृति सम्बन्धी व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ४६ | झण्डा राष्ट्रियताको चिन्ह हुने | यस ऐन बमोजिम दर्ता भएको व्यापारिक पानीजहाजको झण्डा त्यस्तो जहाजको राष्ट्रियताको चिन्ह हुने र झण्डाले पानीजहाजलाई विदेशी बन्दरगाह वा समुद्रमा रहँदा अन्तर्राष्ट्रिय महासन्धि बमोजिमको सुविधा तथा सम्मानको अधिकार प्राप्त हुने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ४७ | झण्डाको प्रयोग | पानीजहाजले पानीजहाजको पछिल्लो भाग (स्टर्न) मा रहेको ध्वज दण्ड (फ्लैग स्टाफ) वा पछिल्लो मस्तुल (अफ्टर मोष्ट माष्ट) मा झण्डा फहराउनु पर्ने तथा कर्तव्यको पालना गर्नु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ४८ | पानीजहाजको स्वामित्वको हस्तान्तरण | पानीजहाजको स्वामित्व अर्को व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम हस्तान्तरण गर्न सक्ने, स्वामित्व हस्तान्तरण गर्नु अघि सम्बन्धित पानीजहाजको धनीले त्यस्तो पानीजहाजले नेपाल |

| | | |
|---|---|---|
| | | सरकारलाई तिर्न बुझाउन बाँकी रहेको रकम बुझाउनु पर्ने, हस्तान्तरण गरी लिने व्यक्ति वा संस्थाको नाम दर्ता किताबमा राख्नु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ४९ | विदेशीको नाममा हस्तान्तरण वा धितो बन्धकी | पानीजहाजको आंशिक स्वामित्व कुनै विदेशी नागरिक वा विदेशी सङ्गठित संस्थाको नाममा हस्तान्तरण गर्न वा पानीजहाजमा त्यस्तो विदेशी नागरिक वा विदेशी सङ्गठित संस्थाको दायित्व सिर्जना हुने गरी कारोबार गर्न सकिने, धितो बन्धकी राख्नु अघि कार्यालयको स्वीकृति लिनु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ५० | बन्धकीको जानकारी दिनुपर्ने | पानीजहाजको धनीले त्यस्तो पानीजहाज वा त्यसको शेयर प्रचलित कानून बमोजिम कुनै व्यक्ति वा संस्थामा बन्धकी राखी ऋण लिएमा त्यस्तो बन्धकीको लिखतको प्रमाणित प्रतिलिपि सहितको लिखित जानकारी ऋण लिएको पैंतालिस दिन भित्र रजिष्ट्रारलाई दिनु पर्ने, उक्त जानकारीको मिति र समय उल्लेख गरी रजिष्ट्रारले दर्ता किताबमा जनाउनु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ५१ | बन्धकीको प्राथमिकता | पानीजहाज वा त्यसको शेयर एकभन्दा बढी व्यक्ति वा संस्थालाई बन्धकी दिएकोमा त्यस्तो पानीजहाज वा त्यसको शेयरमा सबैभन्दा पहिले बन्धकी लिएको उल्लेख गरी दर्ता किताबमा जनाइएको व्यक्ति वा संस्थाको लिखतले बन्धकीको दायित्व चुक्ता गरी लिने क्रममा पहिलो प्राथमिकता पाउने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ५२ | बन्धकी लिने व्यक्तिको अधिकार | पानीजहाज वा त्यसको शेयर बन्धकी राखी ऋण लिने पानीजहाजको धनीले सम्झौता बमोजिम ऋण दायित्व पूरा गर्न नसकेमा बन्धकी लिने व्यक्ति वा संस्थाले सम्झौता बमोजिम बन्धकीको दायित्व चुक्ता गरी लिने अधिकार सम्बन्धी व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ५३ | बन्धकीको हक हस्तान्तरण हुन सक्ने | कुनै व्यक्ति वा संस्थाको नाममा बन्धकी हस्तान्तरण गरेमा वा कानून बमोजिम निजको हकवालाले त्यस्तो बन्धकी उपर हक प्राप्त गर्ने अवस्था रहेमा बन्धकी उपर हक प्राप्त गर्नु अघि त्यस्तो व्यक्ति, |

| | | |
|---|---|---|
| | | संस्था वा हकवालाले स्वीकृति लिनु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ५४ | सुरक्षाको प्रमाणपत्र लिनु पर्ने | समुद्रमा जीवनको सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (इन्टरनेशनल कन्भेन्सन फर दि सेफ्टी अफ लाइफ एट सि), १९७४ बमोजिम पानीजहाजको समुद्र यात्रा गर्ने क्षमता प्रमाणित भएपछि कार्यालयले अन्तर्राष्ट्रिय मान्यता अनुसारको सुरक्षा प्रमाणपत्र दिनु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ५५ | टनेज प्रमाणपत्र | प्रत्येक व्यापारिक पानीजहाजले पानीजहाजको ग्रस र नेट टनेज प्रमाणित गर्ने टनेज प्रमाणपत्र कार्यालयबाट लिनु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ५६ | सुरक्षा मापदण्डको पालना सम्बन्धी प्रमाणपत्र लिनुपर्ने | आन्तरिक जलमार्गमा सञ्चालन हुने पानीजहाज सञ्चालन गर्दा यात्रु वा मालसामानको सुरक्षाका सम्बन्धमा सुरक्षा मापदण्डको पालना गर्नु पर्ने, कार्यालयले सुरक्षाको प्रमाणपत्र जारी गर्ने र सो प्रमाणपत्रको अवधि एक वर्षको हुने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ५७ | पानीजहाज सञ्चालन गर्दा पालना गर्नुपर्ने सर्त | पानीजहाज सञ्चालन गर्दा सुरक्षासँग सम्बन्धित समय सारिणी, मौसमको जानकारी, स्वच्छ खानेपानी, यात्रुको जीवन रक्षाका लागि लाईफ ज्याकेट लगायत तोकिएको उपकरण जस्ता सर्तको पालना गर्नु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ५८ | मुख्य अधिकृतले आदेश दिन सक्ने | पानीजहाज सञ्चालनको सुरक्षा व्यवस्थालाई मध्यनजर गरी मुख्य अधिकृतले आवश्यकता अनुसार यात्रुलाई पानीजहाजमा यात्रा गर्न रोक लगाउन वा निजलाई पानीजहाज सञ्चालन भएको अवस्थासम्म बेग्लै राखी पानीजहाजभित्र हिँडडुल गर्न वा अन्य कसैसँग सम्पर्क वा भेटघाट गर्नबाट रोक लगाउने गरी आदेश दिन सक्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ५९ | सामुद्रिक डकैती (पाइरेसी) | कसैले पानीजहाजलाई कब्जामा लिई वा पानीजहाजमा रहेको कसैलाई तत्कालै ज्यान लिने वा गम्भीर चोट पुऱ्याउने, डर, त्रास |

| | | |
|---|---|---|
| | | देखाई वा जोखिमी हातहतियार प्रयोग गरी वा सो प्रयोग गर्ने धम्की दिई सामान (कार्गो) लुटपाट गरेमा वा क्षति पुऱ्याएमा सामुद्रिक डकैती (पाइरेसी) गरेको मानिने तथा त्यस्तो सामान खरिद गर्न, प्रयोगमा ल्याउन वा कसैलाई बिक्री, वितरण गर्न नहुने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ६० | प्रदूषणमुक्त प्रमाणपत्र लिनु पर्ने | यस ऐन बमोजिम दर्ता भएका पानीजहाजले सर्भे प्रमाणपत्रको आधारमा कार्यालयबाट प्रदूषणमुक्त प्रमाणपत्र लिनु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ६१ | फोहोरमैला व्यवस्थापन | पानीजहाजभित्रको सिर्जित फोहोर निकास र अन्य फोहरमैलाको व्यवस्थापन गर्नु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ६२ | स्वीकृति लिनुपर्ने | कुनै व्यक्ति वा संस्थाले पानीजहाजको मर्मत सम्भार सम्बन्धी व्यवसाय गर्न चाहेमा तोकिए बमोजिम योग्यता, प्रविधि तथा जनशक्ति राख्ने गरी पानीजहाज मर्मत सम्भार गर्दा अपनाउनु पर्ने मन्त्रालयबाट निर्धारित मापदण्ड पूरा गर्ने प्रतिबद्धता समेत जनाई पानीजहाजको मर्मत सम्भार सम्बन्धी व्यवसायको स्वीकृति कार्यालयले प्रदान गर्न सक्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ६३ | स्वीकृतिपत्र रद्द वा निलम्बन | स्वीकृतिपत्र प्राप्त व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पूरा गर्नुपर्ने सर्त वा स्वीकृतिपत्रमा उल्लिखित सर्त पूरा गरेको नदेखिएमा कार्यालयले त्यस्तो स्वीकृतिपत्र जुनसुकै बखत निलम्बन वा रद्द गर्न सक्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ६४ | नियमित मर्मत सम्भार गर्नुपर्ने | आन्तरिक जलमार्गमा सञ्चालन हुने पानीजहाजको धनीले मर्मत सम्भारको लागि स्वीकृतिपत्र प्राप्त संस्थाबाट पानीजहाजको नियमित मर्मत सम्भार गराउनु पर्ने र व्यापारिक पानीजहाजको हकमा सो पानीजहाज सञ्चालन हुने रुटमा रहेको सम्बन्धित मुलुकको मान्यता प्राप्त संस्थाबाट नियमित मर्मत सम्भार गराउनु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |

| | | |
|---|---|---|
| ६५ | पानीजहाजको खोज तथा उद्धार | यस ऐन बमोजिम दर्ता भएको कुनै पानीजहाज आन्तरिक जलमार्गमा, अन्य मुलुकको जलमार्गमा वा समुद्रमा दुर्घटना भएमा वा हराएमा त्यस्तो जहाजको खोज तथा उद्धार गर्ने दायित्व नेपाल सरकारको हुने सम्बन्धी व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ६६ | पानीजहाजको दुर्घटनाको जाँचबुझ | नेपालको आन्तरिक जलमार्गमा कुनै पानीजहाज दुर्घटना भएमा त्यस्तो दुर्घटनाको निष्पक्ष छानबिन गर्नको लागि नेपाल सरकारले विषय विज्ञ सहितको जाँचबुझ आयोग गठन गर्न सक्ने र अन्य मुलुकको जलमार्गमा भएमा आफ्नो आधिकारिक प्रतिनिधि तोकी पठाउन सक्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ६७ | कार्यालय | पानीजहाज निर्माणको स्वीकृति, जलमार्गको रुट निर्धारण, पानीजहाज दर्ता लगायत पानीजहाजको सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धी कार्य गर्नको लागि नेपाल सरकारको पानीजहाज कार्यालय रहने र सो कार्यालयको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ६८ | रजिष्ट्रार | पानीजहाजको सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने कार्यको लागि कार्यालयमा एक रजिष्ट्रार रहने, रजिष्ट्रारको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ६९ | रेडियो निरीक्षक तोक्ने | पानीजहाज सञ्चालन गर्दा आवश्यक सूचना आदानप्रदान गर्नको लागि प्रयोग हुने रेडियो उपकरणको अवस्थाबारे निरीक्षण गर्न कार्यालयले रेडियो निरीक्षक तोक्न सक्ने तथा उक्त रेडियो निरीक्षकको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ७० | पानीजहाज निरीक्षक | यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा मापदण्ड बमोजिम तथा दर्ता प्रमाणपत्रमा तोकिएको सर्त बमोजिम पानीजहाज सञ्चालन गरे वा नगरेको सम्बन्धमा आवश्यक निरीक्षण तथा जाँचबुझ गर्नको लागि कार्यालयले पानीजहाज निरीक्षक तोक्न सक्ने तथा उक्त पानीजहाज निरीक्षकको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था यस दफामा |

| | | |
|---|---|---|
| | | प्रस्ताव गरिएको छ। |
| ७१ | नाविक तथा कर्मचारीको संख्या | पानीजहाजको प्रकार तथा क्षमता अनुसार उक्त पानीजहाजमा रहने मुख्य अधिकृत, नाविक, इन्जिनियर तथा अन्य कर्मचारी सम्बन्धी व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ७२ | नाविक तथा कर्मचारीको सक्षमताको प्रमाणपत्र | पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारीले कार्यालयबाट तोकिए बमोजिमको सक्षमताको प्रमाणपत्र लिनु पर्ने तथा सक्षमताको प्रमाणपत्रको ढाँचा, दस्तुर, नवीकरण, सोको लागि लिइने परीक्षाको प्रक्रिया, तालिम लगायतको व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ७३ | नाविक तथा कर्मचारीको नियुक्ती | पानीजहाजको धनीले पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारी नेपाली नागरिक मध्येबाट नियुक्त गर्नु पर्ने, नेपाली नागरिक मध्येबाट आपूर्ति हुन नसकेमा प्रचलित कानूनको अधीनमा रही विदेशी नागरिकलाई नियुक्त गर्न सकिने र नेपाली नागरिकलाई दक्ष बनाई विदेशी नागरिकलाई क्रमशः प्रतिस्थापन गर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ७४ | नाविक तथा कर्मचारीको सूची | पानीजहाजमा काम गर्नको लागि नियुक्त नाविक तथा कर्मचारीको नाम, उमेर, नियुक्ति सम्बन्धी विवरण, योग्यता र नागरिकताका बारेमा उल्लेख गरिएको विवरण सहितको सूची त्यस्तो पानीजहाजमा राख्नु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ७५ | परिचयपत्र र पोशाक | पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारीले पानीजहाजमा कार्यरत रहँदाका बखत पहिचानको लागि नाम र पद सहितको परिचयपत्र र पानीजहाज सञ्चालकले निर्धारण गरेको पोशाक लगाउनु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ७६ | पारिश्रमिक तथा सुविधा | पानीजहाजको धनीले पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारीको पारिश्रमिक तथा सुविधा नेपाल सरकारले तोकेकोभन्दा कम नहुने गरी निर्धारण गर्नु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |

| | | |
|---|---|---|
| ७७ | नाविक किताब तथा नाविक परिचयपत्र सम्बन्धी व्यवस्था | व्यापारिक पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारीले नेपाल सरकारबाट प्राप्त गरेको नाविक किताब तथा नाविक परिचयपत्र साथमा राख्नु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ७८ | तालिम दिने संस्था | कुनै व्यक्ति वा संस्थाले पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारीलाई तालिम दिनको लागि प्रशिक्षण संस्था स्थापना गर्न स्वीकृति लिनु पर्ने, प्रशिक्षण संस्थाले प्रदान गर्ने तालिमको किसिम, पाठ्यक्रम, योग्यता, दस्तुर, तालिमको अवधि लगायत सो को मापदण्ड सम्बन्धी व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ७९ | कसूर गरेको मानिने | जल क्षेत्रको अतिक्रमण वा पानीजहाजको अनधिकृत प्रयोग गरेमा, स्वीकृति नलिई त्यस्तो व्यवसाय सञ्चालन गरेमा, कानून विपरीत हुने गरी पूँजीको सीमा र स्वामित्व कायम गरेमा, निर्धारित भाडा वा शुल्क भन्दा बढी भाडा वा शुल्क लिएमा, बीमा नगरी पानीजहाज सेवा सञ्चालन गरेमा, सुरक्षाको प्रमाणपत्र नलिई पानीजहाज सञ्चालन गरे लगायतका कसूर सम्बन्धी व्यवस्थालाई यस दफामा प्रस्ताव गरिएको छ। |
| ८० | सजाय | यस ऐनमा कसूर मानिएकालाई सोही बमोजिमको सजायको व्यवस्था गरिएको छ। |
| ८१ | अनुसन्धान अधिकारी | कसूरको अनुसन्धान नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारीले गर्ने व्यवस्थालाई यस दफामा प्रस्ताव गरिएको छ। |
| ८२ | मुद्दा हेर्ने अधिकारी | मुद्दाको शुरु कारबाही तथा किनारा गर्ने अधिकार आन्तरिक जलमार्गमा भएमा सम्बन्धित जिल्ला अदालतलाई र आन्तरिक जलमार्ग बाहेक अन्यत्र भएमा ललितपुर जिल्ला अदालतलाई तोकिएको व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ८३ | पुनरावेदन | रजिष्ट्रारले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णय भएको मितिले |

| | | |
|---|---|---|
| | | पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ८४ | प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्ने | यस ऐन बमोजिम कसूर मानिने कुनै कार्य प्रचलित कानून बमोजिम समेत सजाय हुने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन वा सजाय गर्न बाधा नपर्ने सम्बन्धी व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ८५ | विवरण सार्वजनिक गर्नुपर्ने | यस ऐन बमोजिम दर्ता भएको पानीजहाज र जलमार्गको रुट निर्धारण सम्बन्धी विवरण कार्यालयले प्रत्येक वर्ष सार्वजनिक गर्नु पर्ने सम्बन्धी व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ८६ | विद्युतीय माध्यमबाट गर्न सकिने | यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको काम कारबाही विद्युतीय माध्यमबाट गर्न वा गराउन सकिने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ८७ | अधिकार प्रत्यायोजन | रजिष्ट्रारले आफूलाई प्राप्त अधिकार मध्ये मुद्दा हेर्ने अधिकार बाहेक अन्य अधिकार आफू मातहतको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ८८ | नियम बनाउने अधिकार | ऐनको उद्देश्य कार्यान्वयनको लागि नेपाल सरकारले नियम बनाउन सक्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ८९ | निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने | यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही कार्यालयले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने र त्यस्तो निर्देशिका, कार्यविधि वा मापदण्ड मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ९० | यस ऐन बमोजिमको सर्त तथा मापदण्ड पूरा गर्नुपर्ने | यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम पानीजहाज निर्माण सम्बन्धी व्यवसाय वा पानीजहाज सेवा उद्योग वा पानीजहाजको मर्मत सम्भार सम्बन्धी व्यवसाय सञ्चालन गरिरहेका व्यक्ति वा संस्थाले यस ऐन अन्तर्गत बनेको नियमावली प्रारम्भ भएको मितिले एक वर्ष भित्र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमका सर्त तथा |

| | | |
|---|---|---|
| | | मापदण्ड पूरा गरी व्यवसाय सञ्चालन गर्नु पर्ने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |
| ९१ | खारेजी तथा बचाउ | नेपालको व्यापारिक पानीजहाजको झण्डा सम्बन्धी ऐन, २०२७, नेपाली पानीजहाज (प्रमाणपत्र र रोजनामचा) ऐन, २०२७, पानीजहाज दर्ता ऐन, २०२७ खारेज गरिएको र उक्त खारेज भएका ऐन बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिने व्यवस्था यस दफामा प्रस्ताव गरिएको छ। |

# पानीजहाजको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

प्रस्तावना : पानीजहाज सञ्चालनलाई विकास र विस्तार गर्न सोको प्रभावकारी नियमन गरी पानीजहाज सेवालाई सुरक्षित, स्तरीय, विश्वसनीय, नियमित र व्यवस्थित बनाउनुको साथै पानीजहाजको दर्ता, सर्भे तथा झण्डा सम्बन्धी व्यवस्थाको सम्बन्धमा प्रचलित पानीजहाज सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "पानीजहाज (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८१" रहेको छ।

(२) यस ऐन बमोजिम दर्ता भएको पानीजहाजमा यस ऐन वा प्रचलित कानून प्रतिकूल हुने गरी कसैले कुनै कसूर नेपाल भित्र वा बाहिर जहाँसुकै रही बसेको बखत गरेमा निजलाई त्यस्तो कसूर नेपाल भित्र गरे सरह मानी यस ऐन बमोजिम सजाय हुनेछ।

(३) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आन्तरिक जलमार्ग" भन्नाले नेपालभित्र सञ्चालन हुने पानीजहाजको जलपरिवहनका लागि नेपाल सरकारले तोकेको जलमार्ग सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले दफा ६७ बमोजिमको नेपाल सरकारको पानी जहाज कार्यालय सम्झनु पर्छ।

(ग) "क्लासिफिकेसन सोसाइटी" भन्नाले पानीजहाजको निर्माण निर्धारित मापदण्ड अनुसार भए वा नभएको सम्बन्धमा नियमित रुपले पानीजहाजको सर्भे गर्ने उद्देश्यले स्थापित सङ्घ तथा सङ्गठन सम्झनु पर्छ र सो शब्दले ईन्टरनेशनल एशोसियसन अफ क्लासिफिकेसन सोसाईटीको कुनै सदस्यलाई समेत जनाउनेछ।

(घ) "जलपरिवहन" भन्नाले आन्तरिक जलमार्ग, आन्तरिक जलमार्गको रुट प्रयोग गरी नेपालबाट अन्य मुलुक वा समुद्रमा, समुद्रबाट

अन्य मुलुक वा अन्य मुलुकबाट नेपालमा पानीजहाजबाट यात्रु वा मालसामान ओसारपसार गर्ने कार्य सम्झनु पर्छ ।

(ङ) "जलमार्ग" भन्नाले जलपरिवहनको लागि दफा ४ बमोजिम निर्धारण गरेको जलमार्ग सम्झनु पर्छ ।

(च) "झण्डा" भन्नाले राष्ट्रियताको पहिचानको लागि दफा ४५ बमोजिम पानीजहाजमा राखिने झण्डा सम्झनु पर्छ।

(छ) "टनेज प्रमाणपत्र" भन्नाले पानीजहाजको ग्रस र नेट टनेज क्षमतालाई प्रमाणित गर्ने दफा ५५ बमोजिम दिइएको प्रमाणपत्र सम्झनु पर्छ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) "दर्ता किताब" भन्नाले दफा २८ बमोजिमको पानीजहाज दर्ता किताब सम्झनु पर्छ।

(ञ) "दर्ता प्रमाणपत्र" भन्नाले दफा २९ बमोजिमको दर्ता प्रमाणपत्र सम्झनु पर्छ।

(ट) "नाविक तथा कर्मचारी" भन्नाले पानीजहाजमा काम गर्न दफा ७३ बमोजिम नियुक्त गरिएको नाविक तथा कर्मचारी सम्झनु पर्छ र सो शब्दले पानीजहाजमा काम गर्ने मुख्य अधिकृत (मास्टर) लाई समेत जनाउँछ।

(ठ) "नाविक किताब" भन्नाले व्यापारिक पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारीले प्रत्येक पटक त्यस्तो पानीजहाजमा प्रवेश गर्दा र बाहिर निस्कदा समय र स्थान तथा पानीजहाजमा गरेका कार्यको अभिलेख राख्नको लागि खडा गरिएको किताब (सिमेन बुक) सम्झनु पर्छ।

(ड) "निर्माण सम्पन्नता प्रमाणपत्र" भन्नाले पानीजहाज निर्माण गर्ने व्यक्ति वा संस्थाले दफा ११ बमोजिम जारी गरेको प्रमाणपत्र सम्झनु पर्छ ।

(ढ) "पानीजहाज" भन्नाले जलपरिवहनका लागि प्रयोग गरिने जलयान (भेसेल) सम्झनु पर्छ र सो शब्दले समुद्रमा तथा आन्तरिक वा अन्तर्देशीय जलमार्गमा सञ्चालन हुने कुनै पनि किसिम वा आकारको जलयानलाई समेत जनाउँछ।

(ण) "पानीजहाजको धनी" भन्नाले पानीजहाज उपर स्वामित्व प्राप्त गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(त) "पानीजहाजको प्रकार" भन्नाले पानीजहाजको उपयोगको आधारमा निर्धारण गरिएको पानीजहाजको प्रकार सम्झनु पर्छ।

(थ) "पानीजहाज निरीक्षक" भन्नाले पानीजहाजको निरीक्षण गर्नको लागि दफा ७० बमोजिम कार्यालयले तोकेको कर्मचारी सम्झनु पर्छ।

(द) "पानीजहाज सेवा उद्योग" भन्नाले पानीजहाज सेवा सञ्चालन गर्न प्रचलित कानून बमोजिम स्थापना भई दफा १२ बमोजिम अनुमति प्राप्त उद्योग सम्झनु पर्छ।

(ध) "बीमा" भन्नाले पानीजहाज, यात्रु, मालसामान, नाविक तथा कर्मचारी, पानीजहाजमा काम गर्ने सुरक्षाकर्मी तथा पानीजहाजमा कुनै काम विशेषका कारणबाट सवार अन्य जुनसुकै व्यक्तिको क्षतिको दायित्वको लागि दफा १५ बमोजिम गरिएको बीमा सम्झनु पर्छ र सो शब्दले पानीजहाजको कारणबाट हुने अन्य जुनसुकै किसिमको क्षतिको लागि गरिएको बीमालाई समेत जनाउँछ ।

(न) "मन्त्रालय" भन्नाले नेपाल सरकारको जलयातायात सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(प) "मालवाहक पानीजहाज" भन्नाले मालसामान ओसारपसार गर्ने उद्देश्यले सञ्चालित पानीजहाज सम्झनु पर्छ।

(फ) "मालसामान" भन्नाले पानीजहाजमा यात्रा गर्ने यात्रुको मालसामान सम्झनु पर्छ र सो शब्दले मालवाहक पानीजहाजमा ढुवानी गरिने मालसामानलाई समेत जनाउँछ।

(ब) "मुख्य अधिकृत" भन्नाले पानीजहाज सञ्चालनमा मुख्य जिम्मेवारी लिई काम गर्ने व्यक्ति सम्झनु पर्छ ।

(भ) "यात्रु" भन्नाले पानीजहाजबाट यात्रा गर्ने व्यक्ति सम्झनु पर्छ ।

(म) "रजिष्ट्रार" भन्नाले दफा ६८ बमोजिमको रजिष्ट्रार सम्झनु पर्छ ।

(य) “राष्ट्रियताको अस्थायी प्रमाणपत्र” भन्नाले दफा ४३ बमोजिम जारी गरिने नेपाली राष्ट्रियताको अस्थायी प्रमाणपत्र सम्झनु पर्छ।

(र) “रेडियो निरीक्षक” भन्नाले दफा ६९ बमोजिम कार्यालयले तोकेको कर्मचारी सम्झनु पर्छ।

(ल) “रोजनामचा” भन्नाले यस ऐन बमोजिम पानीजहाजसँग सम्बन्धित विवरण अद्यावधिक गरी राखिएको अभिलेख सम्झनु पर्छ।

(व) "व्यापारिक पानीजहाज" भन्नाले समुद्र वा कुनै अन्य मुलुकबाट नेपालको तोकिएको स्थानसम्म, नेपालबाट कुनै अन्य मुलुकको तोकिएको स्थानसम्म वा अन्य मुलुकको कुनै स्थानबाट समुद्रसम्म यात्रु ओसारपसार गर्ने, मालसामान ढुवानी गर्ने, समुद्रमा माछा मार्ने, तान्ने वा समुद्रमा परिवहन वा अन्य कुनै प्रकारको आर्थिक उपार्जनको कार्यमा प्रयोग गरिने पानीजहाज सम्झनु पर्छ।

(श) "सर्भेयर" भन्नाले पानीजहाजको सर्भे सम्बन्धी काम गर्नको लागि दफा १६ बमोजिम सूचीकृत व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ष) "सर्भे प्रमाणपत्र” भन्नाले दफा १९ बमोजिम सर्भेयरले दिएको प्रमाणपत्र सम्झनु पर्छ।

३. <u>ऐन लागु नहुने</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका पानीजहाजका सम्बन्धमा यस ऐनको व्यवस्था लागु हुने छैनः-

(क) यान्त्रिक शक्तिबाट नचल्ने, पन्ध्र मिटरभन्दा कम लम्बाइ भएको वा बाह्र जनासम्म यात्रु बोक्न सक्ने तोकिएको भारवहन क्षमता भएको पानीजहाज, वा

(ख) नेपाल सरकारले यस ऐनका व्यवस्था लागु नहुने भनी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको पानीजहाज।

## परिच्छेद-२

## <u>जलमार्गको रुट निर्धारण र प्रयोग सम्बन्धी व्यवस्था</u>

४. <u>जलमार्गको रुट निर्धारण</u> : (१) नेपाल सरकारले आन्तरिक जलमार्गको रुट तथा नेपालबाट अन्य मुलुकको जलमार्गमा प्रवेश गरी सञ्चालन हुने पानीजहाजको लागि जलमार्गको रुट निर्धारण गर्नेछ।

(२) उपदफा (१) बमोजिम जलमार्गको रुट निर्धारण गर्नु अघि त्यस्तो जलमार्गमा पानीजहाज सुरक्षित रूपमा सञ्चालन गर्न सकिने वा नसकिने सम्बन्धमा कार्यालयले सम्भाव्यता अध्ययन र रुटको सर्भे गर्नु वा गराउनु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आन्तरिक जलमार्गको रुट प्रयोग गरी वा नगरी अन्य कुनै मुलुकको जलमार्ग प्रयोग गरी जलपरिवहन गर्नु परेमा पानीजहाजले प्रयोग गर्ने जलमार्गको रुट नेपाल सरकार र त्यस्तो गन्तव्य मुलुकबीच भएको सम्झौताका आधारमा निर्धारण गरिनेछ।

(४) उपदफा (१) वा (३) बमोजिम जलमार्गको रुट निर्धारण गरिएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(५) उपदफा (१) वा (३) बमोजिम रुट निर्धारण गर्दा देहायका स्थान समेत निर्धारण गर्नु पर्नेछः-

(क) पानीजहाज सञ्चालन सुरु हुने स्थान,

(ख) पानीजहाजको गन्तव्य स्थान, र

(ग) पानीजहाज सञ्चालन सुरु र गन्तव्य स्थानको बीचमा पानीजहाज रोकिने अन्य स्थान ।

(६) जलमार्गको रुट निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५. जलमार्गको रुट अनुमति : (१) दफा ४ बमोजिम निर्धारित जलमार्गको रुट प्रयोग गरी पानीजहाज सञ्चालन गर्न चाहने पानीजहाजको धनीले तोकिए बमोजिमको कागजात र दस्तुर सहित जलमार्गको रुट अनुमतिको लागि कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा पानीजहाज सञ्चालन गर्ने जलमार्गको रुट तोकी जलमार्गको रुट अनुमति दिन सक्नेछ।

६. जलमार्गको रुट प्रयोग गर्नु पर्ने : (१) दफा ५ बमोजिम अनुमति प्राप्त पानीजहाजले अनुमतिमा उल्लिखित रुटको प्रयोग गरी पानीजहाज सञ्चालन गर्नु पर्नेछ।

(२) जलमार्गको रुट प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. प्रतिबन्ध वा निषेध गर्न सकिने : (१) नेपाल सरकारले नेपालको कुनै जलक्षेत्रमा पानीजहाज सञ्चालन गर्न पूर्ण वा आंशिक रूपमा प्रतिबन्ध लगाउन वा त्यस्तो क्षेत्रलाई पानीजहाज सञ्चालनको लागि निषेधित क्षेत्र तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिबन्ध लगाइएको वा निषेधित क्षेत्र तोकिएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

८. जलक्षेत्रको अतिक्रमण वा अनधिकृत प्रयोग : कसैले देहायको कुनै कार्य गरेमा जलक्षेत्रको अतिक्रमण वा अनधिकृत प्रयोग गरेको मानिनेछः–

(क) दफा ४ बमोजिम निर्धारण गरिएको जलमार्गको रुट बाहेक अन्य रुट प्रयोग गरेमा,

(ख) दफा ५ बमोजिम जलमार्गको रुट अनुमति नलिई पानीजहाज सञ्चालन गरे वा गराएमा,

(ग) दफा ५ बमोजिम जलमार्गको रुट अनुमति लिएकोमा सो अनुमतिमा उल्लिखित रुट बाहेक अन्यत्र पानीजहाज लगेमा,

(घ) दफा ७ बमोजिम प्रतिबन्धित वा निषेधित जलक्षेत्रमा पानीजहाज प्रवेश गरे वा गराएमा,

(ङ) दफा २५ बमोजिम दर्ता नगरी पानीजहाज सञ्चालन गरे वा गराएमा, वा

(च) जलमार्गमा पानीजहाजको आवागमनमा अवरोध पुग्ने गरी कुनै कार्य गरे वा गराएमा।

९. हस्तक्षेपको आदेश (इन्टरसेप्सन अर्डर) : (१) कुनै पानीजहाजले दफा ८ बमोजिम जलक्षेत्रको अतिक्रमण वा अनधिकृत प्रयोग गरेको पाइएमा नेपाल सरकारले हस्तक्षेपको आदेश (इन्टरसेप्सन अर्डर) जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश जारी गरिएको पानीजहाजलाई नेपाल सरकारले तत्काल आफ्नो नियन्त्रण वा कब्जामा लिई आवश्यक कारबाही गर्न सक्नेछ र त्यस्तो पानीजहाज अन्य मुलुकको भएमा आवश्यक कारबाही गरी नेपाल बाहिर पठाउने आदेश दिन सक्नेछ।

(३) नेपालमा दर्ता भएको, नेपालमा मुख्य व्यापारिक कारोबार भएको वा नेपालमा स्थायी बसोबास भएको पानीजहाजको धनीले सञ्चालन गरेको पानीजहाजले कुनै विदेशी मुलुकको जलक्षेत्रमा पानीजहाज सञ्चालन गर्दा त्यस्तो मुलुकको सम्बन्धित निकायले जारी गरेको हस्तक्षेपको आदेश (इन्टरसेप्सन अर्डर) को पालना गर्नु पर्नेछ।

## परिच्छेद-३

## पानीजहाज निर्माण सम्बन्धी व्यवस्था

१०. स्वीकृति लिनु पर्ने : (१) कुनै व्यक्ति वा संस्थाले पानीजहाज निर्माण सम्बन्धी व्यवसाय सञ्चालन गर्न चाहेमा त्यस्तो व्यवसाय सञ्चालन गर्नु अघि कार्यालयबाट स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृति प्राप्त व्यक्ति वा संस्थाले पानीजहाज निर्माण गर्नु अघि त्यस्तो पानीजहाजको स्वरूप, ढाँचा र योजनाका सम्बन्धमा कार्यालयबाट स्वीकृति लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम स्वीकृत पानीजहाजको स्वरुप, ढाँचा र योजनामा कुनै परिवर्तन गर्नु परेमा कार्यालयबाट पुनः स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम स्वीकृति लिई निर्माण सम्पन्न भएको पानीजहाजको निर्माण सम्पन्नता प्रमाणपत्र प्राप्त भए पश्चात सम्बन्धित पानीजहाजको धनीले सर्भे तथा दर्ता सम्बन्धी कार्य अगाडि बढाउनु पर्नेछ ।

(५) पानीजहाज निर्माणको स्वीकृति सम्बन्धी प्रक्रिया, संलग्न गर्नुपर्ने कागजात र दस्तुर तोकिए बमोजिम हुनेछ।

११. निर्माण सम्पन्नता प्रमाणपत्र : पानीजहाज निर्माणको काम सम्पन्न भएपछि त्यस्तो पानीजहाज दफा १० बमोजिम स्वीकृत स्वरुप, ढाँचा, योजना र निर्धारित मापदण्ड बमोजिमको सुरक्षाका उपाय अवलम्बन गरी निर्माण भएको व्यहोरा प्रमाणित गरी पानीजहाज निर्माण गर्ने व्यक्ति वा संस्थाले निर्माण सम्पन्नताको प्रमाणपत्र जारी गर्नु पर्नेछ।

## परिच्छेद-४

## पानीजहाज सेवा सञ्चालन सम्बन्धी व्यवस्था

१२. उद्योग सञ्चालन अनुमति : (१) उद्योग सञ्चालन अनुमति नलिई कसैले पनि व्यावसायिक रुपमा पानीजहाज सेवा सञ्चालन गर्न पाइने छैन ।

(२) कुनै व्यक्ति वा संस्थाले पानीजहाज सेवा उद्योग सञ्चालन गर्न चाहेमा सोको अनुमतिको लागि कार्यालयमा तोकिए बमोजिम निवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा उद्योगको आर्थिक तथा प्राविधिक पक्ष, व्यवस्थापकीय क्षमता र सार्वजनिक हितलाई समेत ध्यानमा राखी तोकिए बमोजिम मूल्याङ्कन गर्दा तोकिए बमोजिमको सर्त पूरा गरेको पाइएमा कार्यालयले त्यस्तो पानीजहाज सेवा उद्योग सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम पानीजहाज सेवा उद्योगको अनुमतिको लागि दिने निवेदनको ढाँचा, नवीकरण, नवीकरण दस्तुर तथा अनुमति दिने सम्बन्धी सर्त, प्रक्रिया र कार्यविधि तोकिए बमोजिम हुनेछ।

१३. स्वामित्व तथा पूँजी : (१) पानीजहाज सेवा उद्योग सञ्चालनको लागि आवश्यक पूँजीको स्वामित्व र सीमा तोकिए बमोजिम हुनेछ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आन्तरिक जलमार्गमा सञ्चालनको लागि स्थापना हुने पानीजहाज सेवा उद्योगमा विदेशी पूँजी लगानीको सीमा बढीमा उनन्चास प्रतिशत र नेपालको आन्तरिक जलमार्गको प्रयोग गरी वा नगरी अन्य मुलुकको जलमार्ग वा समुद्रमा सञ्चालनको लागि स्थापना हुने पानीजहाज सेवा उद्योगमा विदेशी लगानीको सीमा बढीमा असी प्रतिशत हुनेछ ।

१४. भाडा दर तथा शुल्क निर्धारण : (१) नेपाल सरकारले आन्तरिक जलमार्गमा सञ्चालन हुने पानीजहाजले यात्रु तथा मालसामान ढुवानी गर्दा लिने भाडा दर, शुल्क, यात्राका सर्त र पानीजहाजमा हुनु पर्ने न्यूनतम सुविधाको निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरेको भाडा दर, शुल्क, यात्राका सर्त र न्यूनतम सुविधा पानीजहाजको धनीले यात्रुको जानकारीको लागि पानीजहाजमा सबैले देखिने गरी टाँस गर्नु पर्नेछ ।

१५. बीमा गर्नु पर्ने : पानीजहाज सेवा सञ्चालन गर्ने पानीजहाजको धनीले सम्भावित क्षतिको लागि तोकिए बमोजिम बीमा गराउनु पर्नेछ ।

## परिच्छेद-५

## पानीजहाजको सर्भे सम्बन्धी व्यवस्था

१६. सर्भेयर सूचीकृत गर्नु पर्ने : (१) पानीजहाजको निर्माण तथा सञ्चालन निर्धारित मापदण्ड बमोजिम भए वा नभएको वा त्यस्तो पानीजहाज जलपरिवहनका लागि उपयुक्त रहे वा नरहेको सम्बन्धमा सर्भे, निरीक्षण र परीक्षण गर्न र सो सम्बन्धी प्रमाणपत्र जारी गर्नको लागि कार्यालयले सर्भेयरको रूपमा काम गर्ने व्यक्ति वा संस्थाको नाम सूचीकृत गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचीकृत व्यक्ति वा संस्था मध्येबाट तोकिएको प्रक्रिया अपनाई पानीजहाजको सर्भे लगायतका कार्य गर्ने गरी नेपाल सरकारले उपयुक्त व्यक्ति वा संस्थालाई मान्यता प्रदान गर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आन्तरिक जलमार्गमा सञ्चालन हुने पानीजहाजको सर्भेका लागि सर्भेयर उपलब्ध नभएसम्म मन्त्रालयले तोकिएको योग्यता भएको कम्तीमा अधिकृतस्तरको कर्मचारीलाई सर्भेयरको रुपमा खटाउन सक्नेछ।

(४) सर्भेयरको योग्यता, वर्गीकरण, छनौट गर्ने प्रक्रिया र कार्यविधि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि व्यापारिक पानीजहाजको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी क्लासिफिकेसन सोसाइटी सदस्य रहने गरी स्थापित इन्टरनेशनल एसोशिएसन अफ क्लासिफिकेसन सोसाइटीको सदस्यलाई त्यस्तो पानीजहाजको सर्भे, निरीक्षण र परीक्षण गर्न र सो सम्बन्धी प्रमाणपत्र जारी गर्न तोक्न सक्नेछ।

१७. सर्भेयरको काम र कर्तव्य : (१) समुद्रमा चल्ने पानीजहाजको सम्बन्धमा सर्भेयरको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) पानीजहाजको निर्माण स्वीकृत योजना, स्वरूप र ढाँचा अनुसार भए वा नभएको कुराको यकीन गर्ने,

(ख) पानीजहाज सञ्चालन गर्नको लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको सुरक्षास्तर बमोजिम त्यस्तो पानीजहाजको निर्माण भए वा नभएको सम्बन्धमा यकीन गर्ने,

(ग) पानीजहाज सञ्चालन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल असरको विश्लेषण गरी वातावरणीय प्रदूषण नियन्त्रण गर्न त्यस्तो पानीजहाजले अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको उपाय अवलम्बन गरे वा नगरेको सम्बन्धमा यकीन गर्ने,

(घ) पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारीले पानीजहाज सञ्चालन गर्नका लागि तोकिए बमोजिमको प्रशिक्षण संस्थाबाट तालिम लिए वा नलिएको सम्बन्धमा यकीन गर्ने,

(ङ) पानीजहाजको सक्षमताका सम्बन्धमा कार्यालयले तोके बमोजिम प्रतिवेदन पेस गर्ने,

(च) सर्भे प्रमाणपत्र प्रदान गर्ने, र

(छ) तोकिए बमोजिमको अन्य काम गर्ने।

(२) आन्तरिक जलमार्गमा चल्ने पानीजहाजको सम्बन्धमा सर्भेयरको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) नेपालमा पानीजहाज निर्माण गरेको भए पानीजहाजको स्वरूप, ढाँचा र योजनाका सम्बन्धमा दफा १० बमोजिम स्वीकृति लिए वा नलिएको,

(ख) पानीजहाज निर्माणको स्वरूप, ढाँचा र योजना अनुसार पानीजहाजको निर्माण भएको वा नभएको,

(ग) पानीजहाजले दफा ११ बमोजिम निर्माण सम्पन्नता प्रमाणपत्र लिएको वा नलिएको,

(घ) पुरानो पानीजहाजको लागि सर्भे गर्नुपर्ने भएमा त्यस्तो पानीजहाजले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पानीजहाजको लागि तोकिएको मापदण्ड वा सर्त पूरा गरेको वा नगरेको,

(ङ) पानीजहाज सुरक्षित रूपमा सञ्चालन हुन सक्ने अवस्थामा रहे वा नरहेको, र

(च) तोकिए बमोजिमका अन्य काम गर्ने।

१८. सर्भे गराउनु पर्ने : (१) दफा २५ बमोजिम पानीजहाज दर्ता गराउन चाहने पानीजहाजको धनीले दर्ताको लागि निवेदन दिनु अघि सर्भेयरबाट सर्भे गराउनु पर्नेछ।

(२) पानीजहाजको सर्भे गर्ने प्रकिया, कार्यविधी र सर्भेयरले पालना गर्नु पर्ने सर्त सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. सर्भे प्रमाणपत्र : (१) सर्भेयरले दफा १८ बमोजिम सर्भे गर्दा त्यस्तो पानीजहाजले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दर्ताको लागि तोकिएको सर्त तथा मापदण्ड पूरा गरेको देखिएमा सर्भेयरले सर्भे प्रमाणपत्र दिनु पर्नेछ।

(२) सर्भे प्रमाणपत्रको मान्यता अवधि, ढाँचा र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. एकभन्दा बढी सर्भेयरबाट सर्भे गराउन सक्ने : (१) कुनै सर्भेयरले सर्भे प्रमाणपत्र जारी गरेपछि पनि कुनै पानीजहाजको सम्बन्धमा कार्यालयले पुनः सर्भे गराउन आवश्यक देखेमा अन्य सर्भेयरबाट सर्भे गराउन आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यालयले दिएको आदेश बमोजिम पानीजहाजको धनीले सर्भे गराई सोको प्रतिवेदन तथा सर्भे प्रमाणपत्र कार्यालयमा पेस गर्नु पर्नेछ।

२१. सर्भे शुल्क : (१) सर्भे प्रमाणपत्र जारी गर्ने सर्भेयरलाई पानीजहाजको धनीले सर्भे शुल्क दिनु पर्नेछ।

(२) सर्भे शुल्क सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. सर्भे प्रमाणपत्र राख्नु पर्ने : पानीजहाजको धनीले सर्भे प्रमाणपत्र सबैले देख्ने गरी पानीजहाजमा राख्नु पर्नेछ।

२३. सर्भेयरको सूचीबाट हटाउन सक्ने : (१) कार्यालयले देहायको अवस्थामा दफा १६ बमोजिमको सूचीबाट सर्भेयरको नाम हटाउन सक्नेछः–

(क) दफा १७ बमोजिम गर्नु पर्ने काम कारबाही नगरेमा,

(ख) पानीजहाजले पूरा गर्नु पर्ने कुनै सर्त वा मापदण्ड पूरा नगरेको अवस्थामा समेत सर्भे प्रमाणपत्र जारी गरेको पाइएमा, वा

(ग) बद्नियत चिताई सर्भेको प्रमाणपत्र जारी गरेको पाइएमा।

(२) उपदफा (१) बमोजिम सूचीबाट नाम हटाउनु अघि कार्यालयले सम्बन्धित सर्भेयरलाई सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ ।

२४. सर्भे सम्बन्धी कानून पालना गर्नु पर्ने : यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अन्य मुलुकको जलमार्ग प्रयोग हुने गरी पानीजहाज सेवा सञ्चालन गर्दा सम्बन्धित मुलुकको सर्भे सम्बन्धी कानूनको पालना गर्नु पर्नेछ।

परिच्छेद-६

पानीजहाजको दर्ता सम्बन्धी व्यवस्था

२५. पानीजहाज दर्ता : (१) कुनै व्यक्ति वा संस्थाले पानीजहाज सञ्चालन गर्न चाहेमा त्यस्तो पानीजहाज सञ्चालन गर्नु अघि कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(२) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भएको पानीजहाजले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कार्यालयमा पुन: दर्ता गराउनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम दर्ता नभएका पानीजहाज सञ्चालन गर्नु वा गराउनु हुँदैन।

(४) उपदफा (१) वा (२) बमोजिम पानीजहाज दर्ता गर्न चाहने पानीजहाजको धनीले रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएमा रजिष्ट्रारले सो उपर जाँचबुझ गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको सर्त, प्रक्रिया र मापदण्ड पूरा गरेको देखिएमा तोकिए बमोजिमको शुल्क लिई त्यस्तो पानीजहाज दर्ता गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम जाँचबुझ गर्दा निवेदक पानीजहाजको धनीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको सर्त, प्रक्रिया र मापदण्ड पूरा गरेको नदेखिएमा रजिष्ट्रारले त्यस्तो पानीजहाज दर्ता हुन नसक्नाको कारण सहित उल्लेख गरी सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अन्य मुलुकमा दर्ता भएको पानीजहाज यस ऐन बमोजिम नेपालमा दर्ता गरिने छैन।

(८) पानीजहाज दर्ताको लागि दिइने निवेदनको ढाँचा, प्रक्रिया, कार्यविधि, संलग्न गर्नु पर्ने कागजात र विवरण, दस्तुर, पूरा गर्नु पर्ने सर्त र मापदण्ड तोकिए बमोजिम हुनेछ।

२६. पानीजहाज दर्ता गर्न इन्कार गर्न सक्ने : दफा २५ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा रजिष्ट्रारले पानीजहाज दर्ता गर्न इन्कार गर्न सक्नेछः-

(क) पानीजहाजको निर्माण सम्पन्नताको प्रमाणपत्र संलग्न नभएको,

(ख) सर्भे प्रमाणपत्र संलग्न नभएको,

(ग) व्यापारिक पानीजहाजको हकमा बीस वर्ष अघि निर्माण भएको, वा

(घ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमका सर्त, प्रक्रिया र मापदण्ड पूरा नगरेको।

२७. <u>दर्ता नम्बर दिनु पर्ने</u> : (१) रजिष्ट्रारले दफा २५ बमोजिम पानीजहाज दर्ता गरेपछि त्यस्तो पानीजहाजको पहिचानको लागि दर्ता नम्बर दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दर्ता नम्बर पानीजहाजको मुख्य अधिकृतले सबैले देख्ने गरी पानीजहाजमा उल्लेख गर्नु पर्नेछ।

२८. <u>दर्ता किताब</u> : (१) रजिष्ट्रारले देहाय बमोजिमको पानीजहाजको विवरण खुलाई छुट्टाछुट्टै दर्ता किताब राख्नु पर्नेछः-

(क) आन्तरिक जलमार्गमा सञ्चालन हुने पानीजहाज,

(ख) आन्तरिक जलमार्गको रुट प्रयोग गरी वा नगरी अन्य मुलुकमा सञ्चालन हुने पानीजहाज, र

(ग) समुद्रमा सञ्चालन हुने पानीजहाज।

(२) उपदफा (१) बमोजिमको दर्ता किताबको ढाँचा र दर्ता किताबमा रहने विवरण तोकिए बमोजिम हुनेछ।

२९. <u>दर्ता प्रमाणपत्र</u> : (१) दफा २५ बमोजिम पानीजहाज दर्ता गर्ने निर्णय गरेपछि रजिष्ट्रारले सो निर्णयको व्यहोरा दर्ता किताबमा उल्लेख गरी तोकिए बमोजिमको शुल्क लिई तोकिएको ढाँचामा पानीजहाजको धनीलाई दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

(२) दर्ता प्रमाणपत्रमा देहायका विषय उल्लेख भएको हुनु पर्नेछः-

(क) पानीजहाजको पेट (हल) पहिचान नम्बर,

(ख) पानीजहाजको दर्ता नम्बर,

(ग) पानीजहाजको प्रकार,

(घ) पानीजहाजको टनेज,

(ङ) पानीजहाजको स्वामित्व सम्बन्धी विवरण,

(च) दर्ता प्रमाणपत्र बहाल रहने अवधि,

(छ) पानीजहाजको राष्ट्रियता,

(ज) जलपरिवहन सञ्चालन हुने क्षेत्र,

(झ) पानीजहाजमा लगाइएको दायित्व (चार्जेज) र प्रतिबन्ध (रेष्ट्रिक्सन), र

(ञ) कार्यालयले तोकेको अन्य विषय।

(३) दर्ता प्रमाणपत्रको बहाल अवधि तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (३) बमोजिमको अवधि समाप्त हुनुभन्दा कम्तीमा छ महिनाअघि सम्बन्धित पानीजहाजको धनीले दर्ता प्रमाणपत्र नवीकरण गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम नवीकरण नगराएको पानीजहाज दर्ता प्रमाणपत्र बहाल रहने अवधि समाप्त भए पछि सञ्चालन गर्न पाइने छैन।

(६) दर्ता प्रमाणपत्र मुख्य अधिकृत (माष्टर)ले सबैले देख्ने गरी पानीजहाजमा राख्नु पर्नेछ।

(७) उपदफा (१) बमोजिमको दर्ताको प्रमाणपत्र हराएमा, नष्ट भएमा वा च्यातिएमा पानीजहाजको धनीले सोको प्रमाण सहित निवेदन दिएमा रजिष्ट्रारले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी वा गराई तोकिए बमोजिमको दस्तुर लिई दर्ता प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ।

(८) दर्ता प्रमाणपत्रको नवीकरणको लागि दिइने निवेदनको ढाँचा, शुल्क र प्रतिलिपि दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. दर्ता बदर गर्न सक्ने : (१) देहायको अवस्थामा सम्बन्धित पानीजहाजको धनीले आधार र कारण खुलाई पानीजहाजको दर्ता बदर गर्नको लागि रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछः-

(क) पानीजहाजलाई जलमार्गबाट स्थायी रूपमा झिकिएमा,

(ख) पानीजहाज हराएमा,

(ग) पानीजहाज नष्ट भएमा, वा

(घ) कुनै कारणले पानीजहाजलाई स्थायी रुपमा उपयोग गर्न नसकिने भएमा।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा दर्ता बदर गर्न उपयुक्त देखिएमा रजिष्ट्रारले त्यस्तो पानीजहाजको दर्ता बदर गर्न सक्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम दर्ता भएको पानीजहाजले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम तोकेको सर्त र मापदण्डको पालना गरेको नदेखिएमा रजिष्ट्रारले जुनसुकै बखत त्यस्तो पानीजहाजको दर्ता बदर गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम रजिष्ट्रारले दर्ता बदर गर्नु अघि पानीजहाजको धनीलाई सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम दर्ता बदर भएका पानीजहाजले दफा ३७ को उपदफा (१) बमोजिम राखिएका प्रमाणपत्र, बदर मिति सम्मको लिखत र रोजनामचा कार्यालयमा बुझाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम प्राप्त भएका प्रमाणपत्र तथा रोजनामचा कार्यालयले आफूलाई प्राप्त भएको मितिले दश वर्षसम्म सुरक्षित रुपमा राख्नु पर्नेछ।

(७) उपदफा (३) बमोजिम दर्ता बदर भएको पानीजहाज पुनः दर्ता गर्नु परेमा नयाँ पानीजहाज सरह दफा २५ बमोजिमको प्रक्रिया पूरा गरी दर्ता गर्नु पर्नेछ।

३१. <u>चिन्ह र रङ्ग लगाउनु पर्ने</u> : (१) दफा २५ बमोजिम पानीजहाज दर्ता गर्नु अघि पानीजहाजको धनीले त्यस्तो पानीजहाजमा तोकिए बमोजिमको चिन्ह लगाउनु पर्नेछ।

(२) पानीजहाजको धनीले पानीजहाज सञ्चालन गर्दा पानीमा रहेका जीव, जीवाणु, ब्याक्टेरिया वा पानीमा रहने लेउबाट पानीजहाजको (एन्टी-फाउलिङ सिस्टम) संरक्षण गर्नको लागि त्यस्तो पानीजहाजको सतहमा तोकिए बमोजिम रङ्ग लगाउनु पर्नेछ।

३२. <u>पानीजहाजको नाम</u> : (१) यस ऐन बमोजिम दर्ता भएको व्यापारिक पानीजहाजको पहिचानको लागि रजिष्ट्रारले अर्को व्यापारिक पानीजहाजको नामसँग नमिल्ने गरी छुट्टै नाम दिनु पर्नेछ।

(२) रेडियो प्रसारण स्टेसन वा रेडियो टेलिफोनको व्यवस्था भएको पानीजहाजको लागि नाम दिँदा रेडियो सञ्चारको प्रयोजनको लागि तोकिए बमोजिम सङ्केत (कोड) नाम समेत दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिएको नाम रजिष्ट्रारको अनुमति बिना पानीजहाजको धनीले परिवर्तन गर्न सक्ने छैन।

(४) यस ऐन बमोजिम दर्ता भएको प्रत्येक व्यापारिक पानीजहाजको मोहोडा (बो) को दुवैतर्फ त्यसको नाम  र पछाडिको भागको स्टर्नमा त्यसको नाम र दफा ३३ बमोजिमको दर्ता स्थान लेखिएको हुनु पर्नेछ।

(५) पानीजहाजको पहिचानको लागि दिइने नाम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३३. <u>दर्ता स्थान</u> : पानीजहाजको दर्ता स्थान काठमाडौं रहनेछ।

३४. <u>स्वीकृति लिनु पर्ने</u> : (१) यस ऐन बमोजिम दर्ता भएको पानीजहाजको नाम, टनेज, प्रकार वा अन्य कुनै विवरण परिवर्तन गर्नु परेमा पानीजहाजको धनीले स्वीकृतिको लागि रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा रजिष्ट्रारले तोकिए बमोजिमको प्रक्रिया र कार्यविधि पूरा गरी त्यस्तो विवरण परिवर्तन गर्न स्वीकृति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम विवरण परिवर्तन गर्दा पानीजहाजमा सबैले देख्ने गरी राख्नु पर्ने विवरण परिवर्तन भएकोमा यथासिघ्र उक्त परिवर्तित विवरणको जानकारी समेत सबैले देख्ने गरी राख्नु पर्नेछ।

३५. <u>निरीक्षण गर्न सक्ने</u> : कार्यालयले यस ऐन बमोजिम दर्ता भएका पानीजहाजको सम्बन्धमा पानीजहाज निरीक्षक वा अन्य अधिकृतको टोली खटाई जुनसुकै बखत निरीक्षण गर्न वा गराउन सक्नेछ ।

३६. <u>विवरण माग गर्ने</u> : (१) यस ऐन बमोजिम अनुमति लिई सञ्चालनमा रहेको पानीजहाजको काम कारबाहीको सम्बन्धमा कार्यालयले निश्चित समयावधि तोकी आवश्यक विवरण माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यालयले तोकेको समयावधिभित्र विवरण पेस गर्नु सम्बन्धित पानीजहाजको धनीको कर्तव्य हुनेछ।

## परिच्छेद-७

## <u>पानीजहाजमा रहने लिखत सम्बन्धी व्यवस्था</u>

३७. <u>प्रमाणपत्र र रोजनामचा</u> : (१) प्रत्येक पानीजहाजमा देहायका लिखत, प्रमाणपत्र र रोजनामचा सधैं राख्नु पर्नेछः-

(क) दफा २९ बमोजिमको दर्ता प्रमाणपत्र,

(ख) दफा ३८ बमोजिमको पानीजहाज र इन्जिनको रोजनामचा,

(ग) दफा ३९ बमोजिमको आरोग्यता (स्यानिटेशन) सम्बन्धी रोजनामचा,

(घ) दफा ४० बमोजिमको रेडियोको रोजनामचा,

(ङ) दफा ४१ बमोजिमको कार्गो बूक,

(च) दफा ५४ बमोजिमको सुरक्षाको प्रमाणपत्र,

(छ) टनेज प्रमाणपत्र,

(ज) दफा ६० बमोजिमको प्रदूषणमुक्त प्रमाणपत्र,

(झ) दफा ७४ बमोजिमको नाविक तथा कर्मचारीको सूची, र

(ञ) तोकिए बमोजिमका अन्य लिखत।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको आन्तरिक जलमार्गमा सञ्चालन हुने पानीजहाजको हकमा तोकिए बमोजिमका लिखत प्रमाणपत्र तथा रोजनामचा साथमा राख्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमका लिखत, प्रमाणपत्र र रोजनामचा नेपाली र अङ्ग्रेजी भाषामा लेखिएको हुनु पर्नेछ।

(४) व्यापारिक पानीजहाजले प्रयोग गरेको रोजनामचा तोकिएको समयभित्र नेपाल सरकारले तोकेको निकाय वा कार्यालयमा बुझाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम कार्यालय बाहेक अन्य निकायमा प्राप्त रोजनामचा सम्बन्धित निकायले कार्यालयमा पठाउनु पर्नेछ।

(६) उपदफा (४) वा (५) बमोजिम प्राप्त रोजनामचा कार्यालयले आफूलाई प्राप्त भएको मितिले दश वर्षसम्म सुरक्षित रुपमा राख्नु पर्नेछ।

३८. <u>पानीजहाज र इन्जिनको रोजनामचा</u> : (१) पचास वा सो भन्दा बढी ग्रस टनेज भएको पानीजहाजले र जतिसुकै टनेज भएको भए तापनि एकसय पचास हर्स पावर भन्दा बढी चालन शक्ति (मोटिभ पावर) भएको पानीजहाजले पानीजहाजको रोजनामचा र इन्जिनको रोजनामचा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको रोजनामचामा पानीजहाजको मुख्य अधिकृत (माष्टर) ले हस्ताक्षर गरी राख्नु पर्नेछ।

(३) पानीजहाजको रोजनामचा र इन्जिनको रोजनामचा रहने विवरण तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३९. <u>आरोग्यता (स्यानिटेशन) सम्बन्धी रोजनामचा</u> : (१) चार सय वा सो भन्दा बढी ग्रस टनेज भएको व्यापारिक पानीजहाजले आरोग्यता सम्बन्धी रोजनामचा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राखिने रोजनामचामा देहायका विवरण उल्लेख गर्नु पर्नेछः-

(क) पानीजहाजको नाविक, कर्मचारी र त्यसमा यात्रा गर्ने यात्रुको आरोग्यता सम्बन्धी स्थिति, र

(ख) पानीजहाजमा काम गर्ने तथा खोप लगाइएका (भ्याक्सिन लगाइएका) नाविक तथा कर्मचारी र यात्रुको नाम, उमेर, नागरिकता, ठेगाना र पेसा सम्बन्धी विवरण ।

(३) उपदफा (१) बमोजिमको रोजनामचामा पानीजहाजमा कुनै यात्रु बिरामी भएमा वा कुनै किसिमको चोटपटक लाग्न गई घाइते भएमा त्यसको विवरण र पानीजहाजमा अपनाइएको आरोग्यता सम्बन्धी उपाय समेत खुलाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको रोजनामचामा पानीजहाजको मुख्य अधिकृत (माष्टर) ले हस्ताक्षर गरी राख्नु पर्नेछ।

(५) आरोग्यता रोजनामचा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४०. <u>रेडियोको रोजनामचा</u> : (१) रेडियो टेलिग्राफ जडान भएका पानीजहाजले यात्राका बखत रेडियो टेलिग्राफ सञ्चालन गर्ने कोठामा रेडियोको रोजनामचा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको रोजनामचामा पानीजहाजको रेडियो अधिकृतले आफ्नो नाम, रेडियो चालु वा बन्द गरेको समय र समुद्रमा जलपरिवहन गर्दा जीवनको सुरक्षाको लागि महत्वपूर्ण लागेको रेडियो सेवासँग सम्बन्धित सबै घटना उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको रोजनामचामा पानीजहाजको मुख्य अधिकृत (माष्टर) ले हस्ताक्षर गरी राख्नु पर्नेछ।

(४) रेडियोको रोजनामचा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४१. <u>कार्गो बूक</u> : (१) पाँच सय टन वा सोभन्दा बढी टनेज भएको वा मालवाहक पानीजहाजले कार्गो बूक राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्गो बूकमा पानीजहाजमा राखिएको मालसामानको किसिम, परिमाण सम्बन्धी विवरण, मालसामान राखिएको ठाउँ, तरिका र मालसामान पुऱ्याउने ठेगाना समेत खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्गो बूकमा पानीजहाजको मुख्य अधिकृत (माष्टर) ले हस्ताक्षर गरी राख्नु पर्नेछ।

(४) कार्गो बूक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ८

## <u>पानीजहाजको राष्ट्रियता सम्बन्धी व्यवस्था</u>

४२. <u>पानीजहाजलाई राष्ट्रियता प्राप्त हुने</u> : (१) दफा २५ बमोजिम दर्ता भई दफा ४५ बमोजिम झण्डा प्रयोग गरी नेपाल बाहिर सञ्चालन हुने पानीजहाजलाई नेपाली राष्ट्रियता प्राप्त हुनेछ ।

(२) दर्ता प्रमाणपत्रलाई पानीजहाजको नेपाली राष्ट्रियताको प्रमाणपत्र मानिनेछ।

४३. <u>राष्ट्रियताको अस्थायी प्रमाणपत्र</u> : (१) विदेश स्थित नेपाली कूटनीतिक नियोगले देहायका अवस्थामा पानीजहाजलाई नेपाली राष्ट्रियताको अस्थायी प्रमाणपत्र प्रदान गर्न सक्नेछः-

(क) कार्यालयको सिफारिस लिई विदेश स्थित बन्दरगाहमा रहेको पानीजहाजको स्वामित्व प्राप्त गरेमा त्यस्तो स्वामित्व प्राप्त गर्ने व्यक्ति वा संस्थाबाट अख्तियारी प्राप्त व्यक्तिले यस ऐन बमोजिम कार्यालयमा दर्ता गर्ने व्यहोरा खुलाई राष्ट्रियताको अस्थायी प्रमाणपत्र प्राप्त गर्नको लागि नजिकको कूटनीतिक नियोगमा निवेदन दिएमा, वा

(ख) विदेश स्थित बन्दरगाहमा रहेको यस ऐन बमोजिम दर्ता भएको कुनै पानीजहाजको दर्ता प्रमाणपत्र हराएमा, क्षतिग्रस्त भएमा वा त्यस्तो प्रमाणपत्रमा उल्लिखित विवरणमा कुनै परिवर्तन भएमा सो पानीजहाजको मुख्य अधिकृतले राष्ट्रियताको अस्थायी प्रमाणपत्र प्राप्त गर्नको लागि नजिकको मुलुकमा रहेको कूटनीतिक नियोगमा निवेदन दिएमा।

स्पष्टीकरण: यस उपदफाको प्रयोजनको लागि "कूटनीतिक नियोग" भन्नाले कुनै विदेशी मुलुकस्थित नेपाली राजदूतावास, स्थायी नियोग, नेपाली महावाणिज्य दूतावास वा वाणिज्य दूतावास सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम राष्ट्रियताको अस्थायी प्रमाणपत्रको अवधि त्यस्तो प्रमाणपत्र जारी गरिएको मितिले छ महिना वा पानीजहाज भारत वा बङ्गलादेशको कुनै बन्दरगाहमा आइपुगेको मितिमध्ये जुन पहिले हुन्छ सो मितिसम्म कायम रहनेछ ।

(३) उपदफा (१) बमोजिमको राष्ट्रियताको अस्थायी प्रमाणपत्र उपदफा (२) बमोजिमको अवधिसम्मको लागि दर्ता प्रमाणपत्र सरह मानिनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ख) को अवस्थामा बाहेक अन्य अवस्थामा एक पटकभन्दा बढी राष्ट्रियताको अस्थायी प्रमाणपत्र प्रदान गरिने छैन।

(५) उपदफा (१) बमोजिमको राष्ट्रियताको अस्थायी प्रमाणपत्र पानीजहाजमा राख्नु पर्नेछ।

(६) राष्ट्रियताको अस्थायी प्रमाणपत्रको लागि दिइने निवेदनको ढाँचा, निवेदन दस्तूर, प्रमाणपत्र शुल्क र प्रमाणपत्रको ढाँचा र सोमा रहने विवरण तोकिए बमोजिम हुनेछ।

४४. राष्ट्रियताको अस्थायी प्रमाणपत्र फिर्ता गर्ने : (१) दफा ४३ बमोजिम राष्ट्रियताको अस्थायी प्रमाणपत्र प्रदान गरिएको पानीजहाजले सो प्रमाणपत्रको अवधि नसकिँदै दर्ता प्रमाणपत्र प्राप्त गरेमा त्यस्तो राष्ट्रियताको अस्थायी प्रमाणपत्र कार्यालयमा फिर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फिर्ता भएको राष्ट्रियताको अस्थायी प्रमाणपत्र कार्यालयले रद्द गरी अभिलेख राख्नु पर्नेछ।

## परिच्छेद-९

## पानीजहाजको झण्डा सम्बन्धी व्यवस्था

४५. झण्डा राख्नु पर्ने : (१) यस ऐन बमोजिम दर्ता भएको प्रत्येक व्यापारिक पानीजहाजमा नेपालको झण्डा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पानीजहाजमा राखिने झण्डाको आकार, स्वरूप तथा प्रकृति तोकिए बमोजिम हुनेछ ।

४६. झण्डा राष्ट्रियताको चिन्ह हुने : (१) यस ऐन बमोजिम दर्ता भएको व्यापारिक पानीजहाजको झण्डा त्यस्तो जहाजको राष्ट्रियताको चिन्ह हुनेछ।

(२) उपदफा (१) बमोजिम रहने झण्डाले पानीजहाजलाई विदेशी बन्दरगाह वा समुद्रमा रहँदा अन्तर्राष्ट्रिय महासन्धि बमोजिमको सुविधा तथा सम्मानको अधिकार प्राप्त हुनेछ।

४७. <u>झण्डाको प्रयोग</u> : (१) यस ऐन बमोजिम दर्ता भएको पानीजहाजले पानीजहाजको पछिल्लो भाग (स्टर्न) मा रहेको ध्वज दण्ड (फ्लैग स्टाफ) वा पछिल्लो मस्तुल (अफ्टर मोष्ट माष्ट) मा दफा ४५ बमोजिमको झण्डा फहराउनु पर्नेछ।

(२) पानीजहाजले उपदफा (१) बमोजिम झण्डाको प्रयोग गर्दा देहायका कर्तव्यको पालना गर्नु पर्नेछः-

(क) झण्डाको आकार, स्वरुप तथा प्रकृति दफा ४५ को उपदफा (२) मा उल्लेख भए बमोजिम कायम गर्नु पर्ने,

(ख) झण्डाको प्रयोग उपयुक्त तवरले गर्नु पर्ने,

(ग) समुद्र, क्षेत्रीय समुद्र वा बन्दरगाहमा अन्तर्राष्ट्रिय कानून वा अन्तर्राष्ट्रिय अभ्यासद्वारा स्थापित मूल्य, मान्यता र व्यवस्था अनुरूप गर्ने, र

(घ) समुद्र, क्षेत्रीय समुद्र वा बन्दरगाहमा रहँदा अन्तर्राष्ट्रिय कानूनको पालना गर्ने।

(३) पानीजहाजले प्राप्त गरेको दर्ता प्रमाणपत्र वा राष्ट्रियताको अस्थायी प्रमाणपत्र त्यस्तो पानीजहाजले झण्डा प्रयोग गर्न पाउने अधिकारको प्रमाणपत्र हुनेछ।

(४) दर्ता प्रमाणपत्र वा राष्ट्रियताको अस्थायी प्रमाणपत्र प्राप्त नगरेका पानीजहाजले दफा ४६ बमोजिम नेपालको झण्डा प्रयोग गर्न पाउने छैन ।

## परिच्छेद-१०

## <u>पानीजहाजको हस्तान्तरण तथा बन्धकी सम्बन्धी व्यवस्था</u>

४८. <u>पानीजहाजको स्वामित्वको हस्तान्तरण</u> : (१) पानीजहाजको धनीले दफा १० बमोजिम स्वीकृति लिई निर्माणमा रहेको, निर्माण हुन लागेको वा दफा २५ बमोजिम दर्ता भएको पानीजहाजको स्वामित्व अर्को व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम हस्तान्तरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्वामित्व हस्तान्तरण गर्नु अघि सम्बन्धित पानीजहाजको धनीले त्यस्तो पानीजहाजले नेपाल सरकारलाई तिर्न बुझाउन बाँकी रहेको रकम बुझाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पानीजहाजको स्वामित्व हस्तान्तरण भएकोमा हस्तान्तरण गरी लिने व्यक्ति वा संस्थाको नाम दर्ता किताबमा राख्नको लागि तोकिए बमोजिमको कागजात र दस्तुर सहित रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदन र कागजात उपर आवश्यक जाँचबुझ गर्दा पानीजहाजको धनीले प्रचलित कानून बमोजिम अर्को व्यक्ति वा संस्थालाई स्वामित्व हस्तान्तरण गरेको, नेपाल सरकारलाई कुनै रकम बुझाउन बाँकी नरहेको र हस्तान्तरण गरी लिने व्यक्ति वा संस्था यस ऐन बमोजिम पानीजहाजको धनी हुन सक्ने अवस्था देखिएमा रजिष्ट्रारले स्वामित्व लिने व्यक्ति वा संस्थाको नाम पानीजहाजको धनीको रूपमा दर्ता किताबमा कायम गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम दर्ता किताबमा नाम कायम गर्नु अघि पानीजहाजको स्वामित्व हस्तान्तरण गर्दा हस्तान्तरण गरी लिने दिने व्यक्ति वा संस्था वा निजको तर्फबाट अख्तियार प्राप्त व्यक्ति रजिष्ट्रार समक्ष उपस्थित हुनु पर्नेछ।

(६) पानीजहाजको स्वामित्व हस्तान्तरण सम्बन्धी सर्त र प्रक्रिया तोकिए बमोजिम हुनेछ।

४९. <u>विदेशीको नाममा हस्तान्तरण वा धितो बन्धकी</u> : (१) पानीजहाजको आंशिक स्वामित्व कुनै विदेशी नागरिक वा विदेशी सङ्गठित संस्थाको नाममा हस्तान्तरण गर्न वा पानीजहाजमा त्यस्तो विदेशी नागरिक वा विदेशी सङ्गठित संस्थाको दायित्व सिर्जना हुने गरी कारोबार गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम विदेशीलाई हस्तान्तरण वा दायित्व सिर्जना हुने गरी कारोबार गर्दा दफा १३ बमोजिमको विदेशी लगानीको सीमासम्म गर्न सकिनेछ।

(३) यस दफा बमोजिम स्वामित्व हस्तान्तरण गर्नु वा विदेशी नागरिकको कुनै पनि किसिमको हक दायित्व सिर्जना हुने गरी धितो बन्धकी राख्नु अघि कार्यालयको स्वीकृति लिनु पर्नेछ।

(४) स्वामित्व हस्तान्तरण वा विदेशी नागरिकको कुनै पनि किसिमको हक दायित्व सिर्जना हुने गरी धितो बन्धकीको स्वीकृति लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५०. <u>बन्धकीको जानकारी दिनु पर्ने</u> : (१) पानीजहाजको धनीले त्यस्तो पानीजहाज वा त्यसको शेयर प्रचलित कानून बमोजिम कुनै व्यक्ति वा संस्थामा बन्धकी राखी ऋण लिएमा त्यस्तो बन्धकीको लिखतको प्रमाणित प्रतिलिपि सहितको लिखित जानकारी ऋण लिएको पैंतालिस दिन भित्र रजिष्ट्रारलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको जानकारीको मिति र समय उल्लेख गरी रजिष्ट्रारले दर्ता किताबमा जनाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम बन्धकी राखी लिएको ऋण पानीजहाजको धनीले चुक्ता गरेमा सो व्यहोरा खुल्ने कागजात सहित बन्धकी हटाउनको लागि रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनमा आवश्यक जाँचबुझ गर्दा बन्धकीको दायित्व समाप्त भएको देखिएमा रजिष्ट्रारले सोही व्यहोरा दर्ता किताबमा जनाई सोको जानकारी निवेदकलाई दिनु पर्नेछ।

५१. बन्धकीको प्राथमिकता : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि पानीजहाज वा त्यसको शेयर एकभन्दा बढी व्यक्ति वा संस्थालाई बन्धकी दिएकोमा त्यस्तो पानीजहाज वा त्यसको शेयरमा सबैभन्दा पहिले बन्धकी लिएको उल्लेख गरी दर्ता किताबमा जनाइएको व्यक्ति वा संस्थाको लिखतले बन्धकीको दायित्व चुक्ता गरी लिने क्रममा पहिलो प्राथमिकता पाउनेछ।

५२. बन्धकी लिने व्यक्तिको अधिकार : (१) पानीजहाज वा त्यसको शेयर बन्धकी राखी ऋण लिने पानीजहाजको धनीले सम्झौता बमोजिम ऋण दायित्व पूरा गर्न नसकेमा बन्धकी लिने व्यक्ति वा संस्थाले सम्झौता बमोजिम बन्धकीको दायित्व चुक्ता गरी लिने अधिकार प्राप्त गर्नेछ।

(२) पानीजहाज वा त्यसको शेयर बन्धकी लिने व्यक्ति वा संस्था एकभन्दा बढी भएमा दफा ५१ बमोजिम प्राथमिकता प्राप्त व्यक्ति वा संस्थाको बन्धकीको दायित्व चुक्ता भएपछि बाँकी बन्धकी लिनेले क्रमशः प्राथमिकताक्रमअनुसार आफ्नो बन्धकीको दायित्व असुल उपर गर्ने अधिकार प्राप्त गर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणको सुरक्षण बापत लिएको बन्धकीको लिखतले पानीजहाज वा त्यसको शेयर उपर बन्धकी लिने व्यक्ति वा संस्थाको स्वामित्वको हक सिर्जना भएको मानिने छैन।

५३. बन्धकीको हक हस्तान्तरण हुन सक्ने : (१) पानीजहाज वा त्यसको शेयर बन्धकी लिने व्यक्ति वा संस्थाले प्रचलित कानूनको अधिनमा रही अन्य कुनै व्यक्ति वा संस्थाको नाममा बन्धकी हस्तान्तरण गरेमा वा कानून बमोजिम निजको हकवालाले त्यस्तो बन्धकी उपर हक प्राप्त गर्ने अवस्था रहेमा बन्धकी उपर हक प्राप्त गर्नु अघि त्यस्तो व्यक्ति, संस्था वा हकवालाले तोकिए बमोजिम रजिष्ट्रारबाट स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृति लिई प्रचलित कानून बमोजिम हक प्राप्त गरेमा त्यस्तो हक प्राप्त गर्ने व्यक्ति वा संस्थाले सोको जानकारी रजिष्ट्रारलाई दिनु पर्नेछ र रजिष्ट्रारले हक प्राप्त गर्नेको नाम दर्ता किताबमा जनाउनु पर्नेछ।

## परिच्छेद-११

## पानीजहाज सञ्चालनको सुरक्षा सम्बन्धी व्यवस्था

५४. सुरक्षाको प्रमाणपत्र लिनु पर्ने : (१) समुद्रमा जीवनको सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (इन्टरनेशनल कन्भेन्सन फर दि सेफ्टी अफ लाइफ एट सि), १९७४ बमोजिम पानीजहाजको समुद्र यात्रा गर्ने क्षमता प्रमाणित भएपछि कार्यालयले यस ऐन बमोजिम दर्ता भएको देहायको व्यापारिक पानीजहाजलाई देहाय बमोजिमको अन्तर्राष्ट्रिय मान्यता अनुसारको सुरक्षा प्रमाणपत्र दिनु पर्नेछः-

(क) यात्रुवाहक पानीजहाजलाई यात्रुवाहक पानीजहाज सुरक्षा प्रमाणपत्र,

(ख) मालवाहक पानीजहाजलाई देहाय बमोजिमको प्रमाणपत्रः-

(१) पाँच सय वा सो भन्दा बढी ग्रस टनेज भएकालाई मालवाहक पानीजहाजको निर्माणको (कन्स्ट्रक्सन) सुरक्षाको प्रमाणपत्र र पानीजहाजको उपकरणको सुरक्षाको प्रमाणपत्र,

(२) सोह्र सय टन वा सो भन्दा बढी टनेज भएकालाई मालवाहक पानीजहाजको रेडियो टेलिग्राफीको सुरक्षाको प्रमाणपत्र,

(३) तीन सय टन भन्दा बढी तर सोह्र सय टन भन्दा कम टनेज भएका र रेडियो टेलिग्राफ स्टेशन जडान नभएका मालवाहक पानीजहाजलाई रेडियो टेलिफोनीको सुरक्षाको प्रमाणपत्र,

(४) मालवाहक सुरक्षा उपकरण प्रमाणपत्र।

(ग) खण्ड (क) र (ख) मा उल्लेख भएका पानीजहाजलाई समुद्र यात्रा गर्ने क्षमताको (सि ओर्दिनेश) प्रमाणपत्र,

(घ) एक सय पचास टन वा सोभन्दा बढी टनेज भएको यात्रुवाहक वा मालवाहक पानीजहाजलाई अन्तर्राष्ट्रिय भार रेखा (लोड लाइन) को प्रमाणपत्र,

(ङ) असाधारण अवस्था परी कुनै पानीजहाजलाई समुद्र यात्रा गर्नु परेमा त्यस्ता पानीजहाजलाई समुद्रमा जीवनको सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (इन्टरनेशनल कन्भेन्सन फर दि सेफ्टी अफ लाइफ एट सि) १९७४ को आवश्यक सर्त (रिक्वायरमेन्ट्स) पूरा नभएको भए तापनि एक पटक समुद्र यात्रा गर्नलाई सुरक्षा पर्याप्त रहेको भन्ने छुटको प्रमाणपत्र।

स्पष्टीकरण: यस उपदफाको प्रयोजनको लागि "यात्रुवाहक पानीजहाज" भन्नाले यात्रु राखी सञ्चालन गर्न स्वीकृति प्राप्त पानीजहाज सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम दिएको सुरक्षा प्रमाणपत्रको बहाल अवधि एक वर्षको हुनेछ र सो अवधि बढीमा एक सय बीस दिनको लागि थप गर्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ग) बमोजिम दिएको समुद्रमा यात्रा गर्ने क्षमताको (सि ओर्दिनेश) प्रमाणपत्रको बहाल अवधि एक वर्षको हुनेछ र सो अवधि बढीमा एक सय पचास दिनको लागि थप गर्न सकिनेछ।

(४) कुनै व्यापारिक पानीजहाज क्षतिग्रस्त भई समुद्र यात्रा गर्ने क्षमता (सि ओर्दिनेश) मा प्रतिकूल असर परेमा त्यस्तो पानीजहाजलाई उपदफा (१) बमोजिम दिइएका सबै प्रमाणपत्र अमान्य हुनेछ।

(५) उपदफा (१) को खण्ड (घ) बमोजिम दिइएको अन्तर्राष्ट्रिय भार रेखा (लोड लाईन) को प्रमाणपत्रमा उल्लिखित म्याद समाप्त भएको र खण्ड (ङ) बमोजिम छुटको प्रमाणपत्र जारी भएको अवधि भन्दा बढी अवधिको प्रमाणपत्र मान्य हुने छैन।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम दर्ता भएको पानीजहाजको लागि यस दफामा उल्लिखित प्रमाणपत्र जारी गर्नका लागि नेपाल सरकारले अन्य कुनै मुलुकको सरकारलाई अनुरोध गर्न सक्नेछ। यसरी अन्य मुलुकबाट जारी गरिएको प्रमाणपत्रलाई नेपाल सरकारले आफूले जारी गरेको प्रमाणपत्र सरहको मान्यता दिनेछ।

(७) सुरक्षा प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५५. टनेज प्रमाणपत्र : (१) प्रत्येक व्यापारिक पानीजहाजले पानीजहाजको ग्रस र नेट टनेज प्रमाणित गर्ने टनेज प्रमाणपत्र कार्यालयबाट लिनु पर्नेछ।

(२) टनेज प्रमाणपत्र लिनको लागि लाग्ने दस्तुर, टनेज प्रमाणपत्र सम्बन्धी सर्त, प्रक्रिया, कार्यविधि र टनेज प्रमाणपत्रको ढाँचा तोकिए बमोजिम हुनेछ।

५६. <u>सुरक्षा मापदण्डको पालना सम्बन्धी प्रमाणपत्र लिनु पर्ने</u> : (१) आन्तरिक जलमार्गमा सञ्चालन हुने पानीजहाज सञ्चालन गर्दा यात्रु वा मालसामानको सुरक्षाका सम्बन्धमा तोकिए बमोजिमको सुरक्षा मापदण्डको पालना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षाको मापदण्ड पालना गरेका पानीजहाजलाई कार्यालयले सुरक्षाको प्रमाणपत्र जारी गर्नेछ र सो प्रमाणपत्रको अवधि एक वर्षको हुनेछ।

(३) उपदफा (२) बमोजिमको प्रमाणपत्र प्राप्त नगरी पानीजहाज सञ्चालन गर्न पाइने छैन।

५७. <u>पानीजहाज सञ्चालन गर्दा पालना गर्नु पर्ने सर्त</u> : पानीजहाज सञ्चालन गर्दा सुरक्षासँग सम्बन्धित देहाय बमोजिमका सर्तको पालना गर्नु पर्नेछः-

(क) पानीजहाज सञ्चालनको समय सारिणी प्रत्येक यात्रुलाई जानकारी हुने व्यवस्था गर्ने,

(ख) भू-उपग्रह (रियलटाइम स्याटलाइट) बाट प्रतिकूल मौसमको जानकारी पाएकोमा सो समयमा पानीजहाज सेवा सञ्चालन नगर्ने,

(ग) यात्रुको जीवन रक्षाका लागि पानीजहाजमा व्यवस्था गर्नुपर्ने लाईफ ज्याकेट लगायतका तोकिए बमोजिमका सामग्री तथा उपकरणको बन्दोबस्त गर्ने,

(घ) यात्रु तथा पानीजहाजमा ढुवानी गरिने मालसामानको दफा १५ बमोजिम बीमा गर्ने,

(ङ) एक प्रयोजनका लागि दर्ता भएको पानीजहाज अर्को प्रयोजनका लागि प्रयोगमा नल्याउने,

(च) तोकिए बमोजिमको खतराजन्य मालसामान पानीजहाजबाट ढुवानी नगर्ने,

(छ) सूचनाको सहज आदान प्रदान हुन सक्ने गरी उपयुक्त सञ्चार उपकरण जडान गर्ने, र

(ज) पर्याप्त स्वच्छ खानेपानीको व्यवस्था गर्ने।

५८. <u>मुख्य अधिकृतले आदेश दिन सक्ने</u> : (१) पानीजहाज सञ्चालनको सुरक्षा व्यवस्थालाई मध्यनजर गरी मुख्य अधिकृतले आवश्यकता अनुसार देहायका यात्रुलाई पानीजहाजमा यात्रा गर्न रोक लगाउन वा निजलाई पानीजहाज सञ्चालन भएको अवस्थासम्म बेग्लै राखी पानीजहाजभित्र हिंडडुल गर्न वा अन्य कसैसँग सम्पर्क वा भेटघाट गर्नबाट रोक लगाउने गरी आदेश दिन सक्नेछः-

(क) पानीजहाजको सुरक्षामा जोखिम हुने किसिमको गतिविधि गर्ने,

(ख) पानीजहाजमा मादक पदार्थ सेवन गरी हो-हल्ला गर्ने वा अरुलाई बाधा अवरोध पुऱ्याउने,

(ग) अन्य यात्रुको जिउज्यान, सम्पत्तिमाथि जोखिम हुने गतिविधि गर्ने, वा

(घ) पानीजहाजको सञ्चालन वा पानीजहाजको शान्तिपूर्ण वातावरणमा कुनै किसिमले खलल पुऱ्याउने।

(२) उपदफा (१) बमोजिम मुख्य अधिकृतले दिएको आदेशको पालना गर्नु सम्बन्धित यात्रुको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम दिएको आदेशको पालना नगरी हुलहुज्जत गर्ने यात्रुलाई मुख्य अधिकृतले नियन्त्रणमा लिई पानीजहाजभित्र थुनामा राख्न आदेश दिन सक्नेछ ।

५९. <u>सामुद्रिक डकैती (पाइरेसी)</u>: (१) कसैले पानीजहाजलाई कब्जामा लिई वा पानीजहाजमा रहेको कसैलाई तत्कालै ज्यान लिने वा गम्भीर चोट पुऱ्याउने, डर, त्रास देखाई वा जोखिमी हातहतियार प्रयोग गरी वा सो प्रयोग गर्ने धम्की दिई पानीजहाजमा रहेको व्यापारिक सामान (कार्गो) लुटपाट गरेमा वा त्यस्तो उद्देश्यले सो पानीजहाज वा त्यसमा रहेको कुनै मालसामानमा क्षति पुऱ्याएमा सामुद्रिक डकैती (पाइरेसी) गरेको मानिनेछ।

(२) कसैले सामुद्रिक डकैती (पाइरेसी) गरेको सामान हो भन्ने जानीजानी त्यस्तो सामान खरिद गर्न, प्रयोगमा ल्याउन वा कसैलाई बिक्री, वितरण गर्नु हुँदैन।

## परिच्छेद-१२

## <u>प्रदूषण नियन्त्रण र फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था</u>

६०. <u>प्रदूषणमुक्त प्रमाणपत्र लिनु पर्ने</u> : (१) यस ऐन बमोजिम दर्ता भएका पानीजहाजले कार्यालयबाट तोकिए बमोजिम प्रदूषणमुक्त प्रमाणपत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रमाणपत्र कार्यालयले सर्भे प्रमाणपत्रको आधारमा दिनेछ।

(३) उपदफा (१) बमोजिमको प्रमाणपत्रको मान्य अवधि तोकिए बमोजिम हुनेछ।

(४) पानीजहाज सञ्चालन गर्दा त्यसबाट निस्कने तेलजन्य पदार्थ र टैङ्करबाट ढुवानी हुने तेलजन्य पदार्थबाट हुन सक्ने जल प्रदूषणलाई न्यून गर्न त्यस्तो पानीजहाजले तोकिए बमोजिमको प्रदूषण नियन्त्रण मापदण्डको पालना गर्नु पर्नेछ।

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "टैङ्कर" भन्नाले ठूलो परिमाणमा तरल वा तेलजन्य पदार्थ ढुवानी गर्नको लागि बनाइएको मालबाहक पानीजहाज सम्झनु पर्छ।

६१. फोहोरमैला व्यवस्थापन : पानीजहाजले जलपरिवहनको समयमा त्यस्तो पानीजहाजभित्रको सिर्जित फोहोर निकास र अन्य फोहरमैलाको तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

## परिच्छेद-१३

## पानीजहाज मर्मत सम्भार सम्बन्धी व्यवस्था

६२. स्वीकृति लिनुपर्ने : (१) कुनै व्यक्ति वा संस्थाले पानीजहाजको मर्मत सम्भार सम्बन्धी व्यवसाय गर्न चाहेमा तोकिए बमोजिम योग्यता, प्रविधि तथा जनशक्ति राख्ने गरी पानीजहाज मर्मत सम्भार गर्दा अपनाउनु पर्ने मन्त्रालयबाट निर्धारित मापदण्ड पूरा गर्ने प्रतिबद्धता समेत जनाई पानीजहाजको मर्मत सम्भार सम्बन्धी व्यवसायको स्वीकृतिको लागि कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा पानीजहाज मर्मत सम्भारको लागि मन्त्रालयबाट निर्धारित मापदण्ड बमोजिमको सर्त समेत पूरा गर्न सक्ने देखिएमा कार्यालयले निवेदकलाई पानीजहाज मर्मत सम्भार गर्ने व्यवसाय गर्नको लागि स्वीकृतिपत्र दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको स्वीकृतिको लागि दिइने निवेदनको ढाँचा, निवेदन दस्तुर, स्वीकृतिपत्रको ढाँचा, अवधि, दर्ता शुल्क, नवीकरण, नवीकरण शुल्क, स्वीकृतिपत्र दिने सर्त, प्रक्रिया र कार्यविधि तोकिए बमोजिम हुनेछ।

६३. स्वीकृतिपत्र रद्द वा निलम्बन : (१) दफा ६२ बमोजिम स्वीकृतिपत्र प्राप्त व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पूरा गर्नुपर्ने सर्त वा स्वीकृतिपत्रमा उल्लिखित सर्त पूरा गरेको नदेखिएमा कार्यालयले त्यस्तो स्वीकृतिपत्र जुनसुकै बखत निलम्बन वा रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको स्वीकृतिपत्र निलम्बन वा रद्द गर्नु अघि त्यस्तो व्यक्ति वा संस्थालाई आफ्नो सफाइ पेस गर्ने मौका दिनु पर्नेछ।

(३) स्वीकृतिपत्र निलम्बन वा रद्द गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६४. नियमित मर्मत सम्भार गर्नुपर्ने : (१) आन्तरिक जलमार्गमा सञ्चालन हुने पानीजहाजको धनीले मर्मत सम्भारको लागि दफा ६२ बमोजिम स्वीकृतिपत्र प्राप्त संस्थाबाट पानीजहाजको नियमित मर्मत सम्भार गराउनु पर्नेछ।

(२) व्यापारिक पानीजहाजको हकमा सो पानीजहाज सञ्चालन हुने रुटमा रहेको सम्बन्धित मुलुकको मान्यता प्राप्त संस्थाबाट नियमित मर्मत सम्भार गराउनु पर्नेछ।

## परिच्छेद-१४

## पानीजहाज दुर्घटना, खोज, उद्धार तथा जाँचबुझ सम्बन्धी व्यवस्था

६५. पानीजहाजको खोज तथा उद्धार : (१) यस ऐन बमोजिम दर्ता भएको कुनै पानीजहाज आन्तरिक जलमार्गमा, अन्य मुलुकको जलमार्गमा वा समुद्रमा दुर्घटना भएमा वा हराएमा त्यस्तो जहाजको खोज तथा उद्धार गर्ने दायित्व नेपाल सरकारको हुनेछ।

(२) खोज तथा उद्धार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६६. पानीजहाजको दुर्घटनाको जाँचबुझ : (१) नेपालको आन्तरिक जलमार्गमा कुनै पानीजहाज दुर्घटना भएमा त्यस्तो दुर्घटनाको निष्पक्ष छानबिन गर्नको लागि नेपाल सरकारले विषय विज्ञ सहितको जाँचबुझ आयोग गठन गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम दर्ता भएको पानीजहाज अन्य मुलुकको जलमार्गमा दुर्घटना भएमा नेपाल सरकारले त्यस्तो मुलुकले गर्ने दुर्घटनाको जाँचबुझ प्रक्रियामा सहभागी गराउन आफ्नो आधिकारिक प्रतिनिधि तोकी पठाउन सक्नेछ।

(३) अन्य मुलुकको पानीजहाज नेपालको आन्तरिक जलमार्गमा दुर्घटना भएमा नेपाल सरकारले गर्ने दुर्घटनाको जाँचबुझ प्रक्रियामा त्यस्तो पानीजहाज दर्ता भएको मुलुकको सरकारले तोकि पठाएको आधिकारीक प्रतिनिधिलाई सो दुर्घटना जाँचबुझ प्रक्रियामा समावेश गराउनु पर्नेछ।

(४) पानीजहाज दुर्घटनाको जाँचबुझ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१५

## कार्यालयको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

६७. कार्यालय : (१) पानीजहाज निर्माणको स्वीकृति, जलमार्गको रुट निर्धारण, पानीजहाज दर्ता लगायत पानीजहाजको सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धी कार्य गर्नको लागि नेपाल सरकारको पानीजहाज कार्यालय रहनेछ ।

(२) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्यका अतिरिक्त कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पानीजहाज निर्माणको लागि पानीजहाजको स्वरुप, ढाँचा र योजना

स्वीकृत गर्ने,

(ख) प्रचलित कानून बमोजिम स्थापित पानीजहाज सेवा उद्योगलाई पानीजहाज सेवा सञ्चालन गर्न अनुमति दिने तथा नियमन गर्ने,

(ग) पानीजहाज सर्भे गर्ने प्रयोजनका लागि सर्भेयरको नाम सूचीकृत गर्ने,

(घ) पानीजहाज दर्ता गर्ने,

(ङ) पानीजहाजको उपयोगको आधारमा तोकिए बमोजिम पानीजहाजको प्रकार निर्धारण गर्ने,

(च) पानीजहाज सेवा सञ्चालनको लागि जलमार्गको रुट अनुमति दिने,

(छ) पानीजहाज तोकिए बमोजिम सञ्चालन भए नभएको कुराको नियमित निरीक्षण गर्ने वा गराउने,

(ज) पानीजहाजमा काम गर्ने नाविकलाई सक्षमता प्रमाणपत्र जारी गर्ने,

(झ) पानीजहाजलाई यस ऐन बमोजिम जारी गर्नुपर्ने प्रमाणपत्र जारी गर्ने,

(ञ) पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारीलाई तालिम दिने प्रशिक्षण संस्था सञ्चालन गर्न स्वीकृति दिने तथा नियमन गर्ने,

(ट) पानीजहाजको निर्माण तथा मर्मत सम्भार गर्ने व्यवसाय सञ्चालन गर्न स्वीकृति दिने तथा नियमन गर्ने,

(ठ) आन्तरिक जलमार्गको विकास तथा आन्तरिक जलमार्गमा सुरक्षित जलपरिवहनको व्यवस्थापनका लागि आवश्यक अध्ययन, अनुसन्धान, तथा सर्वेक्षण गर्ने वा गराउने,

(ड) आन्तरिक जलमार्गमा सुरक्षित जलपरिवहनको जलमार्गको निर्माण, सञ्चालन तथा मर्मत सम्भार गर्ने वा गराउने,

(ढ) पानीजहाज सञ्चालन सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउनको लागि आवश्यकता अनुसार सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने,

(ण) नेपालको आन्तरिक जलमार्ग र नेपालबाट अन्य मुलुकको जलमार्ग वा समुद्रमा परिवहन गर्ने पानीजहाजको व्यवस्थापन तथा सञ्चालनको नियमन तथा अनुगमन गर्ने,

(त) समुद्रमा सञ्चालन हुने पानीजहाजमा काम गर्ने नाविकलाई नाविक किताब जारी गर्न सिफारिस गर्ने,

(थ) समुद्रमा सञ्चालन हुने पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारीको स्वास्थ्य परिक्षण गर्न नेपाल सरकारबाट मान्यता प्राप्त संस्थालाई अनुमति प्रदान गर्ने,

(द) जलयातायातसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौता गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ध) अन्तर्राष्ट्रिय सामुद्रिक सङ्गठन (इन्टरनेशनल मेरीटाइम अर्गनाइजेशन), क्लासिफिकेसन सोसाइटी लगायतका व्यापारिक पानीजहाज सञ्चालनसँग सम्बन्धित अन्तर्राष्ट्रिय सङ्घ तथा सङ्गठनसँग समन्वय गर्न सम्पर्क निकाय (फोकल प्वाइन्ट) को रुपमा कार्य गर्ने, र

(न) तोकिए बमोजिमको अन्य काम गर्ने।

६८. <u>रजिष्ट्रार</u>ः (१) पानीजहाजको सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने कार्यको लागि कार्यालयमा एक रजिष्ट्रार रहनेछ।

(२) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्यको अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पानीजहाजको सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको रूपमा काम गर्ने,

(ख) पानीजहाज दर्ता गर्नु अघि यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा मापदण्ड अनुसार पूरा गर्नु पर्ने सर्त पूरा गरे वा नगरेको सम्बन्धमा आवश्यकता अनुसार पानीजहाजको निरीक्षण गर्ने वा गराउने,

(ग) दफा २५ बमोजिम पानीजहाज दर्ता गरी प्रमाणपत्र दिने,

(घ) आवश्यक सर्त पूरा नगरेको पानीजहाज दर्ता गर्न इन्कार गर्ने,

(ङ) दर्ताको प्रमाणपत्र नवीकरण गर्ने,

(च) दर्ताको प्रमाणपत्र च्यातिए, हराए वा नष्ट भएमा दर्ता प्रमाणपत्रको प्रतिलिपी दिने,

(छ) पानीजहाजसँग सम्बन्धित विवरण तथा कागजात अद्यावधिक गरी अभिलेख सुरक्षित राख्ने वा राख्न लगाउने,

(ज) पानीजहाज सञ्चालन गर्नका लागि पानीजहाजको भारवहन क्षमता अनुसार टनेज प्रमाणपत्र जारी गर्ने,

(झ) जलमार्गको रुट अनुमति लिएको पानीजहाजले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम जहाज सञ्चालन गरेको

नपाइएमा त्यस्तो पानीजहाजको दर्ता प्रमाणपत्र र जलमार्गको रुट अनुमति निलम्बन वा रद्ध गर्ने,

(ञ) पानीजहाजको सञ्चालन तथा व्यवस्थापन गर्ने सिलसिलामा नेपाल सरकारले दिएको निर्देशनको पालना गर्ने,

(ट) यस ऐन बमोजिम दर्ता भई सञ्चालन भएका पानीजहाजले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिम पानीजहाजको सञ्चालन गरे वा नगरेको जाँचबुझ तथा निरीक्षण गर्ने वा गराउने, र

(ठ) तोकिए बमोजिमको अन्य काम गर्ने।

## परिच्छेद-१६

## रेडियो निरीक्षक, पानीजहाज निरीक्षक, नाविक तथा कर्मचारी सम्बन्धी व्यवस्था

६९. रेडियो निरीक्षक तोक्ने : (१) पानीजहाज सञ्चालन गर्दा आवश्यक सूचना आदानप्रदान गर्नको लागि प्रयोग हुने रेडियो उपकरणको अवस्थाबारे निरीक्षण गर्न तोकिए बमोजिमका योग्यता भएको कर्मचारीलाई कार्यालयले रेडियो निरीक्षक तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको रेडियो निरीक्षकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

७०. पानीजहाज निरीक्षक : (१) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा मापदण्ड बमोजिम तथा दर्ता प्रमाणपत्रमा तोकिएको सर्त बमोजिम पानीजहाज सञ्चालन गरे वा नगरेको सम्बन्धमा आवश्यक निरीक्षण तथा जाँचबुझ गर्नको लागि कार्यालयले तोकिए बमोजिमको योग्यता भएको कर्मचारीलाई पानीजहाज निरीक्षक तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको पानीजहाज निरीक्षकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

७१. नाविक तथा कर्मचारीको सङ्ख्या : (१) पानीजहाजको प्रकार तथा क्षमता अनुसार उक्त पानीजहाजमा रहने मुख्य अधिकृत, नाविक, इन्जिनियर तथा अन्य कर्मचारीको न्यूनतम सङ्ख्या, योग्यता तथा श्रेणी कार्यालयले स्वीकृत गरे बमोजिम हुनेछ।

(२) व्यापारिक पानीजहाजले हरेक पटक समुद्र यात्रामा जानु अघि उक्त पानीजहाजमा रहने नाविक तथा कर्मचारीको विवरण कार्यालयमा पठाउनु पर्नेछ।

(३) पानीजहाजमा काम गर्ने मुख्य अधिकृत, नाविक, इन्जिनियर तथा अन्य कर्मचारीले पानीजहाजमा दिने सेवाको आधारमा नेपाल सरकार वा सम्बन्धित

मुलुकको सरकार बाट मान्यता प्राप्त तालिम दिने संस्थाबाट तोकिए बमोजिमको तालिम लिनु पर्नेछ।

(४) नाविक तथा कर्मचारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७२. नाविक तथा कर्मचारीको सक्षमताको प्रमाणपत्रः (१) पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारीले कार्यालयबाट तोकिए बमोजिमको सक्षमताको प्रमाणपत्र लिनु पर्नेछ र त्यस्तो प्रमाणपत्र नलिएका नाविक तथा कर्मचारीलाई पानीजहाज सञ्चालन गर्न दिनु हुँदैन ।

(२) कुनै विदेशी मुलुकले आफ्नो देशको कानून बमोजिम जारी गरेको सक्षमताको प्रमाणपत्रलाई नेपाल सरकारले यस ऐनको प्रयोजनको लागि मान्यता प्रदान गर्न सक्नेछ।

(३) पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारीलाई सक्षमताको प्रमाणपत्र प्रदान गर्न कार्यालयले लिखित तथा प्रयोगात्मक परीक्षा सञ्चालन गर्न सक्नेछ।

(४) सक्षमताको प्रमाणपत्रको ढाँचा, दस्तुर, नवीकरण, सोको लागि लिइने परीक्षाको प्रक्रिया, तालिम तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन लागु हुनु पूर्व नै आन्तरिक जलमार्गमा सञ्चालनमा रहेका पानीजहाजमा कार्यरत नाविक तथा कर्मचारीलाई तोकिए बमोजिमको प्रक्रिया अपनाई सक्षमताको प्रमाणपत्र प्रदान गर्न सकिनेछ।

७३. नाविक तथा कर्मचारीको नियुक्ति : (१) पानीजहाजको धनीले पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारी नेपाली नागरिक मध्येबाट नियुक्त गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पानीजहाजमा काम गर्ने तोकिएको योग्यता तथा तालिम लिएको नाविक तथा कर्मचारी नेपाली नागरिक मध्येबाट आपूर्ति हुन नसकेमा प्रचलित कानूनको अधीनमा रही विदेशी नागरिकलाई नियुक्त गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम विदेशी नागरिकलाई नियुक्त गर्ने पानीजहाजको धनीले नेपाली नागरिकलाई दक्ष बनाई विदेशी नागरिकलाई क्रमशः प्रतिस्थापन गर्ने व्यवस्था गर्नु पर्नेछ।

७४. नाविक तथा कर्मचारीको सूची : (१) पानीजहाजमा काम गर्नको लागि दफा ७३ बमोजिम नियुक्त नाविक तथा कर्मचारीको नाम, उमेर, नियुक्ति सम्बन्धी विवरण, योग्यता र नागरिकताका बारेमा उल्लेख गरिएको विवरण सहितको सूची त्यस्तो पानीजहाजमा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रहने सूचीमा पानीजहाजको जलपरिवहन सञ्चालन, व्यवस्थापन तथा सुरक्षाको लागि आवश्यक न्यूनतम नाविक तथा कर्मचारीको सङ्गठन संरचना  र सङ्ख्या समेत उल्लेख गरिएको हुनु पर्नेछ।

७५. परिचयपत्र र पोशाक : पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारीले पानीजहाजमा कार्यरत रहँदाका बखत पहिचानको लागि नाम र पद सहितको परिचयपत्र र पानीजहाज सञ्चालकले निर्धारण गरेको पोशाक लगाउनु पर्नेछ।

७६. पारिश्रमिक तथा सुविधा : (१) पानीजहाजको धनीले पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारीको पारिश्रमिक तथा सुविधा नेपाल सरकारले तोकेकोभन्दा कम नहुने गरी निर्धारण गर्नु पर्नेछ ।

(२) नेपाल सरकारले पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारीलाई अन्तर्राष्ट्रियस्तरमा प्रचलित मान्यता बमोजिमको छुट तथा सुविधा दिन सक्नेछ।

७७. नाविक किताब तथा नाविक परिचयपत्र सम्बन्धी व्यवस्था : (१) व्यापारिक पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारीले नेपाल सरकारबाट प्राप्त गरेको नाविक किताब तथा नाविक परिचयपत्र साथमा राख्नु पर्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "नाविक परिचयपत्र (सिफेरर आइडेण्टिटि डकुमेन्ट)" भन्नाले व्यापारिक पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारीलाई प्रदान गरिने परिचयपत्र सम्झनु पर्छ ।

(२) व्यापारिक पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारीले प्रत्येक पटक त्यस्तो पानीजहाजमा काम गर्न प्रवेश गर्दा र काम समाप्त भएपछि मुख्य अधिकृत समक्ष नाविक किताब पेस गरी निज वा निजले अख्तियार दिएको व्यक्तिबाट पानीजहाजमा प्रवेश गरेको र बाहिर निस्केको समय र स्थान उल्लेख गराई राख्नु पर्नेछ।

(३) नाविक किताबमा उपदफा (२) बमोजिम राखिएको कुनै विवरणमा कसैले पनि केरमेट, थपघट वा कुनै किसिमले च्यात्ने, बिगार्ने, नष्ट गर्ने वा त्यसमा कुनै पनि किसिमको हानी नोक्सानी पुग्ने काम गर्नु वा गराउनु हुँदैन।

(४) कुनै विदेशी मुलुकले आफ्नो देशको कानून बमोजिम जारी गरेको नाविक किताब लाई नेपाल सरकारले यस ऐनको प्रयोजनको लागि मान्यता प्रदान गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम मान्यता प्रदान गरिएको विदेशी मुलुकबाट जारी नाविक किताबका सम्बन्धमा यस दफाले गरेका व्यवस्था समेत सोही रूपमा लागु हुनेछन्।

(६) नाविक किताब तथा नाविक परिचयपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७८. तालिम दिने संस्था : (१) कुनै व्यक्ति वा संस्थाले पानीजहाजमा काम गर्ने नाविक तथा कर्मचारीलाई तालिम दिनको लागि प्रशिक्षण संस्था स्थापना गर्न चाहेमा नेपाल सरकारबाट तोकिए बमोजिम स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृति लिई स्थापना हुने प्रशिक्षण संस्थाले प्रदान गर्ने तालिमको किसिम, पाठ्यक्रम, योग्यता, दस्तुर, तालिमको अवधि लगायत सो को मापदण्डसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१७

## कसूर तथा सजाय सम्बन्धी व्यवस्था

७९. कसूर गरेको मानिने : कसैले देहायको कुनै काम कारबाही गरे वा गराएमा निजले यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः-

(क) दफा ८ विपरीत जल क्षेत्रको अतिक्रमण वा पानीजहाजको अनधिकृत प्रयोग गरेमा,

(ख) दफा ९ बमोजिम जारी भएको हस्तक्षेपको आदेशको पालन नगरेमा,

(ग) दफा १० बमोजिम पानीजहाज निर्माण सम्बन्धी व्यवसाय सञ्चालन गर्न कार्यालयबाट स्वीकृति नलिई त्यस्तो व्यवसाय सञ्चालन गरेमा,

(घ) दफा १२ विपरीत पानीजहाज सेवा सञ्चालन गरेमा,

(ङ) दफा १३ विपरीत हुने गरी पूँजीको सीमा र स्वामित्व कायम गरेमा,

(च) दफा १४ बमोजिम निर्धारित भाडा वा शुल्क भन्दा बढी भाडा वा शुल्क लिएमा,

(छ) दफा १५ बमोजिम बीमा नगरी पानीजहाज सेवा सञ्चालन गरेमा,

(ज) दफा १७ मा उल्लेख भए बमोजिमको काम, कर्तव्य पूरा नगरी कुनै सर्भेयरले बद्नियत चिताई सर्भेको प्रमाणपत्र दिएमा,

(झ) दफा २५ बमोजिम पानीजहाज दर्ता गर्दा झुट्टा विवरण वा प्रमाणपत्र पेस गरेमा,

(ञ) दफा २७ बमोजिम दिएको दर्ता नम्बर पानीजहाजमा उल्लेख नगरी वा फरक नम्बर उल्लेख गरी पानीजहाज सञ्चालन गरेमा,

(ट) दफा ३० को उपदफा (१) बमोजिम पानीजहाज दर्ता बदरको लागि रजिष्ट्रारलाई जानकारी नगराएमा,

(ठ) दफा ३० को उपदफा (५) बमोजिम कार्यालयमा फिर्ता गर्नु पर्ने प्रमाणपत्र, लिखत वा रोजनामचा फिर्ता नगरेमा,

(ड) दफा ३१ बमोजिम पानीजहाजमा अङ्कित गर्नु पर्ने कुनै चिन्ह वा रङ्ग नलगाई पानीजहाज सञ्चालन गरेमा,

(ढ) दफा ३२ बमोजिम दिइएको नाम नराखी पानीजहाजले अर्को नाम राखेमा वा पानीजहाजको नाम नराखी सञ्चालन गरेमा,

(ण) दफा ३२ को उपदफा (४) बमोजिम पानीजहाज दर्ता स्थान उल्लेख नगरी पानीजहाज सञ्चालन गरेमा,

(त) दफा ३४ बमोजिमको स्वीकृति नलिई पानीजहाजको नाम, टनेज, प्रकार वा अन्य कुनै विवरण परिवर्तन गरे वा गराएमा,

(थ) दफा ३६ बमोजिम कार्यालयले मागेको विवरण पेस नगरेमा,

(द) दफा ३७ बमोजिम पानीजहाजमा राख्नुपर्ने प्रमाणपत्र तथा रोजनामचा नराखी पानीजहाज सञ्चालन गरेमा वा सोको उपदफा (४) बमोजिम बुझाउनुपर्ने रोजनामचा नबुझाएमा,

(ध) दफा ४४ बमोजिम राष्ट्रियताको अस्थायी प्रमाणपत्र कार्यालयमा फिर्ता नगरेमा,

(न) दफा ४५ बमोजिम पानीजहाजमा राख्नु पर्ने झण्डा नराखी पानीजहाज सञ्चालन गरेमा,

(प) दफा ४७ बमोजिम झण्डाको प्रयोग नगरेमा वा झण्डाको प्रयोग गर्दा पालना गर्नु पर्ने कर्तव्यको पालना नगरेमा वा झण्डा प्रयोग गर्न नपाउने पानीजहाजले झण्डाको प्रयोग गरेमा,

(फ) दफा ५४ वा ५६ बमोजिम सुरक्षाको प्रमाणपत्र नलिई पानीजहाज सञ्चालन गरेमा,

(ब) दफा ५७ बमोजिम पानीजहाज सञ्चालनका लागि निर्धारित सुरक्षा सम्बन्धी सर्त विपरीत हुने गरी पानीजहाजको सञ्चालन गरेमा,

(भ) दफा ५८ बमोजिम पानीजहाजको मुख्य अधिकृतले दिएको आदेशको पालना नगरेमा,

(म) दफा ५९ बमोजिम सामुद्रिक डकैती (पाइरेसी) गरेमा वा सामुद्रिक डकैती गरेको सामान हो भन्ने जानीजानी त्यस्तो सामान खरिद, प्रयोग वा कसैलाई बिक्री वितरण गरेमा,

(य) दफा ६० बमोजिमको प्रदूषणमुक्त प्रमाणपत्र नलिई वा प्रदूषण नियन्त्रण मापदण्डको विपरीत हुने गरी पानीजहाजको सञ्चालन गरेमा,

(र) दफा ६१ विपरीत पानीमा फोहोरमैला विसर्जन गरेमा,

(ल) दफा ६२ बमोजिम कार्यालयको स्वीकृति नलिई पानीजहाजको मर्मत तथा सम्भार गर्ने सम्बन्धी व्यवसाय सञ्चालन गरेमा,

(व) दफा ६४ बमोजिम नियमित रूपमा मर्मत तथा सम्भार नगरी पानीजहाज सञ्चालन गरेमा,

(श) दफा ७१ को उपदफा (३) बमोजिमको तालिम लिएको भनी झुट्टा प्रमाण पेस गरेमा,

(ष) दफा ७२ बमोजिमको सक्षमताको प्रमाणपत्र नलिएका नाबिक तथा कर्मचारीलाई पानीजहाज सञ्चालन गर्न दिएमा,

(स) दफा ७७ बमोजिमको नाबिक किताब वा नाबिक परिचयपत्र नभएको व्यक्तिलाई पानीजहाजमा काम लगाएमा,

(ह) दफा ७७ को उपदफा (३) विपरीतको कार्य गरेमा,

(क्ष) दफा ७८ बमोजिम स्वीकृति नलिई नाविक तथा कर्मचारीलाई तालिम दिने प्रयोजनको लागि प्रशिक्षण संस्था सञ्चालन गरेमा,

(त्र) दफा १४ को उपदफा (२), दफा २२, दफा २९ को उपदफा (६) वा दफा ३४ को उपदफा (३) बमोजिम सबैले देख्ने गरी राख्नु पर्ने विवरण वा कागजात सो बमोजिम नराखेमा वा दफा ४३ को उपदफा (५) बमोजिम पानीजहाजमा राख्नु पर्ने कागजात नराखेमा,

(ज्ञ) नाविक तथा कर्मचारीले पानीजहाजमा काम गर्दा पालना गर्नु पर्ने अनुशासन, आचरण वा कर्तव्यको पालना नगरेमा,

(कक) यो ऐन बमोजिम दिइएको दर्ता प्रमाणपत्र, सर्भेको प्रमाणपत्र वा अन्य प्राप्त जुनसुकै प्रमाणपत्रमा स्वीकृति नलिई हेरफेर, थपघट वा परिवर्तन गरेमा,

(कख) पानीजहाज सेवा सञ्चालनका सम्बन्धमा यस ऐन बमोजिम प्रदान गरिएको कुनै पनि किसिमको प्रमाणपत्र, लिखत वा

कागजातको मान्यता अवधि समाप्त भइसके पश्चात पनि सोही प्रमाणपत्र, लिखत वा कागजातका आधारमा पानीजहाज सञ्चालन गरेमा, वा

(कग) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको उल्लङ्घन गरेमा।

८०. <u>सजाय</u> : कसैले देहायको कुनै कसूर गरे वा गराएमा देहाय बमोजिमको सजाय हुनेछः-

(क) दफा ७९ को खण्ड (क) वा (ख) बमोजिमको कसूर गरेमा मुख्य अधिकृत वा पानीजहाजको धनी वा दुवैलाई दुईलाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुई वर्षदेखि पाँच वर्षसम्म कैद वा दुवै सजाय गरी त्यस्तो पानीजहाजको जफत,

(ख) दफा ७९ को खण्ड (ग) वा (घ) बमोजिमको कसूर गरेमा दुईलाख रुपैयाँ देखि पाँच लाख रुपैयाँसम्म जरिबाना,

(ग) दफा ७९ को खण्ड (ङ) बमोजिमको कसूर गरेमा आन्तरिक जलमार्गमा सञ्चालन हुने पानीजहाज भएमा एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना र व्यापारिक पानीजहाज भए पाँच लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिबाना गरी उद्योगको अनुमति रद्द गर्न सक्ने,

(घ) दफा ७९ को खण्ड (च) बमोजिमको कसूर गरेमा पच्चीस हजार रुपैयाँदेखि दुई लाख पचास हजार रुपैयाँसम्म जरिबाना,

(ङ) दफा ७९ को खण्ड (छ) बमोजिमको कसूर गरेमा आन्तरिक जलमार्गमा सञ्चालन हुने पानीजहाज भएमा एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना र व्यापारिक पानीजहाज भए पाँच लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिबाना गरी सो अवधिमा कुनै क्षति भएमा त्यस्तो क्षतिपूर्ति उक्त पानीजहाजको धनीबाट सम्बन्धित पक्ष वा निजको नजिकको हकवालालाई भराई बढीमा छ महिना सम्मका लागि त्यस्तो पानीजहाज सञ्चालनमा रोक लगाउन सक्ने,

(च) दफा ७९ को खण्ड (ज) बमोजिमको कसूर गरेमा त्यस्तो सर्भेयरलाई दश लाख रुपैंयासम्म जरिबाना गरी सर्भेयरको मान्यता रद्द गर्ने, सर्भेयरको रुपमा खटिएको निजामती कर्मचारीलाई विभागीय कारबाहीका लागि लेखी पठाउने र

क्लासिफिकेसन सोसाइटीमा सूचीकृत सर्भेयरलाई कारबाहीका लागि अन्तर्राष्ट्रिय सामुद्रिक सङ्गठन (इन्टरनेशनल मेरीटाइम अर्गनाइजेशन) मा लेखी पठाउने,

(छ) दफा ७९ को खण्ड (झ) बमोजिमको कसूर गरेमा पानीजहाजको धनीलाई पाँच लाख रुपैयाँसम्म जरिबाना र पाँच वर्षसम्म कैद,

(ज) दफा ७९ को खण्ड (ञ) बमोजिमको कसूर गरेमा आन्तरिक जलमार्गमा सञ्चालन हुने पानीजहाज भएमा एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना र व्यापारिक पानीजहाज भए पाँच लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिबाना गरी त्यस्तो पानीजहाज बढीमा एक वर्षसम्मका लागि सञ्चालनमा रोक लगाउन सक्ने,

(झ) दफा ७९ को खण्ड (ट) बमोजिमको कसूर गरेमा आन्तरिक जलमार्गमा सञ्चालन हुने पानीजहाज भएमा एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना र व्यापारिक पानीजहाज भए पाँच लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिबाना,

(ञ) दफा ७९ को खण्ड (ड), (ण), (त) वा (ष) बमोजिमको कसूर गरेमा आन्तरिक जलमार्गमा सञ्चालन हुने पानीजहाज भएमा एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना र व्यापारिक पानीजहाज भए पाँच लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिबाना गरी बढीमा एक वर्ष सम्मका लागि त्यस्तो पानीजहाज सञ्चालनमा रोक लगाउन सक्ने,

(ट) दफा ७९ को खण्ड (ढ) बमोजिमको कसूर गरेमा त्यस्तो व्यापारिक पानीजहाजलाई पाँच लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिबाना गरी बढीमा एक वर्ष सम्मका लागि त्यस्तो पानीजहाज सञ्चालनमा रोक लगाउन सक्ने,

(ठ) दफा ७९ को खण्ड (ठ), (थ), (द) वा (फ) बमोजिमको कसूर गरेमा आन्तरिक जलमार्गमा सञ्चालन भएको पानीजहाजलाई दश हजार रुपैयाँदेखि दुईलाख रुपैयाँसम्म जरिबाना र व्यापारिक पानीजहाज भए पाँचलाख रुपैयाँदेखि दशलाख रुपैयाँसम्म जरिबाना ,

(ड) दफा ७९ को खण्ड (ध) बमोजिमको कसूर गरेमा पाँचलाख रुपैयाँदेखि दशलाख रुपैयाँसम्म जरिबाना,

(ढ) दफा ७९ को खण्ड (न) वा (प) बमोजिमको कसूर गरेमा मुख्य अधिकृतलाई तीन लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय गरी बढीमा दुई वर्ष सम्मका लागि त्यस्तो पानीजहाज सञ्चालनमा रोक लगाउन सक्ने,

(ण) दफा ७९ को खण्ड (ब) बमोजिमको कसूर गरेमा आन्तरिक जलमार्गमा सञ्चालन हुने पानीजहाजको हकमा मुख्य अधिकृत वा पानीजहाजको धनी वा दुवैलाई एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय गरी बढीमा छ महिनासम्मका लागि त्यस्तो पानीजहाज सञ्चालनमा रोक लगाउन सक्ने र व्यापारिक पानीजहाज सञ्चालन हुने पानीजहाजको हकमा मुख्य अधिकृत वा पानीजहाजको धनी वा दुवैलाई पाँच लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिबाना वा दश वर्षसम्म कैद वा दुवै सजाय गरी बढीमा एक वर्ष सम्मका लागि त्यस्तो पानीजहाज सञ्चालनमा रोक लगाउन सक्ने,

(त) दफा ७९ को खण्ड (भ), (ज्ञ) वा (कग) बमोजिमको कसूर गरेमा एक लाख रुपैयाँसम्म जरिबाना,

(थ) दफा ७९ को खण्ड (म) बमोजिम कसूर गरेमा,-

(१) सामुद्रिक डकैती गरेको सामान हो भन्ने जानीजानी त्यस्तो सामान खरिद, प्रयोग वा कसैलाई बिक्री वितरण गरेमा पाँच वर्षदेखि सात वर्षसम्म कैद र बिगो बराबरको जरिबाना,

(२) उपखण्ड (१) बाहेक अन्य कसूर गरेमा देहाय बमोजिम सजाय हुनेछः-

(क) पानीजहाजमा यात्रा गर्ने यात्रु, नाविक, कर्मचारी वा कुनै व्यक्तिको मृत्यु भएमा जन्म कैद,

(ख) पानीजहाजमा यात्रा गर्ने यात्रु, नाविक, कर्मचारी वा कुनै व्यक्तिलाई चोटपटक लाग्न गई अङभङ भएमा दश वर्ष कैद र अदालतले उपचार वा क्षतिपूर्तको

लागि तोकिदिएको रकम भराई दश लाख रुपैयाँसम्म जरिबाना, वा

(ग) मालसामानमा कुनै क्षति पुग्न गएको भए त्यसरी भएको क्षति भराई दश वर्षसम्म कैद वा दशलाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(द) दफा ७९ को खण्ड (य) वा (र) बमोजिमको कसूर गरेमा आन्तरिक जलमार्गमा सञ्चालन हुने पानीजहाजको हकमा एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्ने र व्यापारिक पानीजहाजको हकमा पाँच लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय गर्ने,

(ध) दफा ७९ को खण्ड (ल) बमोजिमको कसूर गरेमा पचास हजार रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना गरी त्यस्तो मर्मत तथा सम्भार कार्य गर्नमा रोक लगाउने,

(न) दफा ७९ को खण्ड (व) बमोजिमको कसूर गरेमा आन्तरिक जलमार्गमा सञ्चालन गर्ने पानीजहाज सेवा उद्योगलाई पाँच लाख रुपैयाँसम्म जरिबाना गरी त्यस्तो उद्योगले छ महिनासम्मको लागि उक्त पानीजहाज सञ्चालनमा रोक लगाउन सक्ने र व्यापारिक पानीजहाज सञ्चालन गर्ने उद्योग भएमा दश लाख रुपैयाँसम्म जरिबाना गरी उक्त पानीजहाज एक वर्षसम्म सञ्चालनमा रोक लगाउन सक्ने,

(प) दफा ७९ को खण्ड (श) बमोजिमको कसूर गरेमा पाँच लाख रुपैयाँसम्म जरिबाना,

(फ) दफा ७९ को खण्ड (स) बमोजिमको कसूर गरेमा मुख्य अधिकृतलाई दुई लाख रुपैयाँसम्म जरिबाना,

(ब) दफा ७९ को खण्ड (ह) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक लाख रुपैयाँ देखि पाँच लाख रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय,

(भ) दफा ७९ को खण्ड (क्ष) बमोजिमको कसूर गरेमा पचास हजार रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना गरी त्यस्तो प्रशिक्षण संस्था सञ्चालनमा रोक लगाउन सक्ने,

(म) दफा ७९ को खण्ड (त्र) बमोजिमको कसूर गरेमा एक लाख रुपैयाँ देखि पाँच लाख रुपैयाँसम्म जरिबाना,

(य) दफा ७९ को खण्ड (कक) बमोजिमको कसूर गरेमा आन्तरिक जलमार्गमा सञ्चालन हुने पानीजहाज भएमा पाँचलाख रुपैयाँसम्म जरिबाना र पाँच वर्षसम्म कैद र व्यापारिक पानीजहाज भए पाँचलाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिबाना र पाँच वर्षदेखि दश वर्षसम्म कैद,

(र) दफा ७९ को खण्ड (कख) बमोजिमको कसूर गरेमा आन्तरिक पानीजहाजको हकमा मुख्य अधिकृत वा पानीजहाजको धनीलाई वा दुवैलाई एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्म जरिबाना गरी त्यस्तो पानीजहाजलाई बढीमा छ महिनासम्मको लागि सञ्चालनमा रोक लगाउन सक्ने र व्यापारिक पानीजहाजको हकमा मुख्य अधिकृत वा पानीजहाजको धनीलाई वा दुवैलाई पाँच लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिबाना गरी त्यस्तो पानीजहाजलाई बढीमा एक वर्षसम्मको लागि सञ्चालनमा रोक लगाउन सक्ने।

८१. अनुसन्धान अधिकारी : दफा ७९ बमोजिमको कसूरको अनुसन्धान नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारीले गर्नेछ।

८२. मुद्दा हेर्ने अधिकारी : देहायका कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही तथा किनारा गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः-

(क) दफा ८० को खण्ड (क), (छ), (ढ), (ण), (थ), (द), (ब) वा (य) बमोजिम सजाय हुने कसूर आन्तरिक जलमार्गमा भएमा सम्बन्धित जिल्ला अदालतलाई र आन्तरिक जलमार्ग बाहेक अन्यत्र भएमा ललितपुर जिल्ला अदालतलाई,

(ख) खण्ड (क) मा उल्लिखित कसूर बाहेक दफा ८० को अन्य खण्ड बमोजिम सजाय हुने कसूरका सम्बन्धमा रजिष्ट्रारलाई।

८३. पुनरावेदन : दफा ८२ को खण्ड (ख) बमोजिम रजिष्ट्रारले गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले निर्णय भएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

८४. प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्ने : यस ऐन बमोजिम कसूर मानिने कुनै कार्य प्रचलित कानून बमोजिम समेत सजाय हुने रहेछ भने त्यस्तो कानून बमोजिम मुद्दा चलाउन वा सजाय गर्न बाधा पर्ने छैन।

## परिच्छेद-१८

## विविध

८५. विवरण सार्वजनिक गर्नु पर्ने : यस ऐन बमोजिम दर्ता भएको पानीजहाज र जलमार्गको रुट निर्धारण सम्बन्धी विवरण कार्यालयले प्रत्येक वर्ष सार्वजनिक गर्नु पर्नेछ।

८६. विद्युतीय माध्यमबाट गर्न सकिने : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमको काम कारबाही विद्युतीय माध्यमबाट गर्न वा गराउन सकिनेछ।

८७. अधिकार प्रत्यायोजन : रजिष्ट्रारले आफूलाई प्राप्त अधिकार मध्ये दफा ८२ को खण्ड (ख) बमोजिम मुद्दा हेर्ने अधिकार बाहेक अन्य अधिकार आफू मातहतको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

८८. नियम बनाउने अधिकार : यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

८९. निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने : (१) मन्त्रालयले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम कार्यान्वयन गर्ने सन्दर्भमा सोको प्रतिकूल नहुने गरी आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका, कार्यविधि वा मापदण्ड मन्त्रालयले सार्वजनिक गर्नु पर्नेछ।

९०. यस ऐन बमोजिमको सर्त तथा मापदण्ड पूरा गर्नु पर्ने: यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम पानीजहाज निर्माण सम्बन्धी व्यवसाय वा पानीजहाज सेवा उद्योग वा पानीजहाजको मर्मत सम्भार सम्बन्धी व्यवसाय सञ्चालन गरिरहेका व्यक्ति वा संस्थाले यस ऐन अन्तर्गत बनेको नियमावली प्रारम्भ भएको मितिले एक वर्ष भित्र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमका सर्त तथा मापदण्ड पूरा गरी व्यवसाय सञ्चालन गर्नु पर्नेछ।

९१. खारेजी तथा बचाउ : (१) देहायका ऐन खारेज गरिएका छन्:-

(क) नेपालको व्यापारिक पानीजहाजको झण्डा सम्बन्धी ऐन, २०२७,

(ख) नेपाली पानीजहाज (प्रमाणपत्र र रोजनामचा) ऐन, २०२७,

(ग) पानीजहाज दर्ता ऐन, २०२७।

(२) उपदफा (१) बमोजिम खारेज भएका ऐन बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।